# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बन्दिपुर गाउँपालिका
## तनहुँ

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

बन्दिपुर गाउँपालिका
तनहुँ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

बन्दिपुर गाउँपालिका

तनहुँ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**अनामनगर, काठमाडौं, नेपाल**

Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(गण्डकी प्रदेश)

प.सं. २०८०।८१

च.नं. ९ मिति : २०८१।२।१३

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

बन्दीपुर गाँऊपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

तनहुँ ।

१. **कैफियत सहितको राय** — हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.२ करोड ३३ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा असुल गर्नुपर्ने रू.४ लाख ८१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ४ लाख ६१ हजार ,नियमित गर्नुपर्ने रु.८८ लाख ६६ हजार र पेश बाँकी रु २ लाख २५ समेत गरी यस वर्ष रु.२ करोड ३३ हजार बेरुजू कायम रहेको छ । पालिकाको

गतवर्ष सम्म रु.१४ करोड २७ लाख ३३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १६ करोड २७ लाख ६६ हजार रहेको छ ।पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(जयराम घिमिरे )

**नायब महालेखापरीक्ष**

बन्दीपुर गाँउपालिका,

तनहुँ जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६१ | १०८ | २००३३ | ० | ० | ० | ६१ | १०८ | २००३३ | ४८१ | ८८६६ | १०४६१ | ० | ० | १९३२७ | २२५ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| तनहुँ | १४२७३३ | ० | १० | ० | ० | २००३३ | १६२७५७ |
| | | | | | | | |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७७।७८ | | | |
| १ | २०७७।७८ | - | पदाधिकारी भत्ता दाखिला भई प्रमाण पेश भएको । | १०२०० |
| | गत विगतको जम्मा | | | १०२०० |

## परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा रहेको छ भने क्षेत्रफल १०१.५३ वर्ग किलोमिटर तथा १८,५३२ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०८।२९ देखि २०८०।०९।०३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ रु. ०, राजश्वतर्फ रु. ०, धरौटीतर्फ रु. ०, अन्य कारोबारतर्फ रु. ०, आय — व्ययतर्फ रु. २०८८४९११७.०५, सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा रु. २०८८४९११७.०५ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन;-**

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| सैद्धान्तिक बेरुजु |
|---|

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **फरक हिसाब —** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु. २१,१३,७३,७३६.२०, यस वर्षको प्राप्ति रु.५४,८३,३१,१११.३७, यस वर्षको भुक्तानी रु ५५०८५५७३०.५३ र बैङ्क मौज्दात रु. २०८८४९११७.१० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था देखिने गरि हिसाब मिलान गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | २११३७३७३६.२१ | ६३७७२८६५९.६८ | ४४२४१७७६७.९३ | १९५३१०८९२.०५ |
| एकीकृत आर्थिक विवरणअनुसार | २११३७३७३६.२१ | ५४८३३११११.३७ | ५५०८५५७३०.५३ | २०८८४९११७.०५ |
| फरक | ०.०० | ८९३९७५४८.३१ | -१०८४३७९६२.६० | -१३५३८२२५.०० |

२.३ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार गरेको नदेखिएकोले बैंक हिसाब विवरण तयार गर्नुपर्दछ ।

२.४ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १०२८०८२२७.०० र बैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको लागी पुनःएकिकरण कार्यक्रम रु. १५५९००.०० खर्च गरेकोमा सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

## ३ आय व्यय विवरणः-

बन्दिपुर अस्पताल कार्य संचालन समितिको आय व्य विवरण निम्नानुसार रहेको छः-

| आय | रकम रु. | व्यय | रकम रु. |
|---|---|---|---|
| गत वर्षको अ.ल्या | ३१७१०२३.५७ | मर्मत संभार खर्च | १६५६९०.०० |
| यस वर्षको निकासा | ७८७७५५३.९१ | कर्मचारी पारीश्रमिक खर्च (पोशाक समेत) | १५३५८०२.०० |
| जम्मा | **११०४८५७७.४८** | औषधि खरिद गत आ.वको भुक्तानी समेत | ७३२४४२०.५४ |
| | | **जम्मा** | **९०२५९१२.५४** |
| | | बैंक बाँकी | २०२२६६४.९४ |
| | | **जम्मा** | **११०४८५७७.४८** |

उपरोक्त अनुसारको आय विवरण गाउँपालिकाले पेश गरेको छ । उक्त खर्चको अनुमोदन संचालन समितिबाट गरेको नदेखिएकोले अनुमोदन गर्नु गराउनुपर्दछ ।

## ४ आन्तरिक नियन्त्रण प्रणाली;-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

• स्थानिय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन।

• पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजश्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• पालिकाले सम्पूर्ण जिन्सी मालसामानको ब्यवस्थापन PAMS सफ्टवेयर प्रयोग नगरेको देखिन्छ ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको,

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद २ दफा ४ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनुसूची २ को ढाँचा बमोजिम उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको,

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२ (३) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यविधिको पालना नगरेको देखिन्छ ।

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२ (२) मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको ।

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको,

तसर्थः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## ५ बजेट पेश, पारित र अख्तियारी ;-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु.५६ करोड ५५ लाख ८७ हजार मात्र बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१०मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

## ६ बजेट तथा कार्यक्रम तर्जुमा ;-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## ७ बजेट सीमा निर्धारण समिति : -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## ८ क्षेत्रगत बजेट र खर्चको स्थितिः-

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३,२४,२५,०००.०० | १,९७,८३,०९५.१३ | ३.२७ |
| २ | पूर्वाधार विकास | १९,८०,२२,९६१.१३ | १०,६२,४८,५९७.२४ | १७.५६ |
| ३ | सामाजिक विकास | २४,६०,८५,०००.०० | २०,६७,९२,८४६.५८ | ३४.१७ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १,३७,७५,०००.०० | १,१९,७४,१४७.२२ | १.९८ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ११,४८,०३,१०६.८० | ९,७६,१९,०८१.७६ | १६.१३ |
| जम्मा | | ६०,५१,११,०६७.९३ | ४४,२४,१७,७६७.९३ | ७३.११ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ३४.१७ प्रतिशत र.संस्थागत विकास तथा सेवा प्रवाह सुसाशनमा सबै भन्दा घटी १.९८ प्रतिशत रहेको छ ।

## ९ त्रैमासिक पूँजीगत खर्चः -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १६३७१७७१२.६१ | ९८२३२४९.१ | ११९७०३६१.७ | ३६३९०५२६.०७ | १०५५३३५७५.७४ | ५,९०,१०,३९३.७४ |
| प्रतिशत | १००% | ६% | ७.३२% | २२.२८ | ६४.४६ | ३६.०४ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१६३७१७७१२.६१ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ९८२३२४९.१(६ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.११९७०३६१.७० (७.३२ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.३६३९०५२६.०७ (२२.२८प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.५,९०,१०,३९३.७४(३६.०४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## १० खर्च बिश्लेषणः-

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. २,७१,६४,६१२.९० राजस्व बाँडफाँड र अनुदानबाट रु.४०,१३,६४,०४६.७८ समेत रु.४२,८५,२८,६५९.६८ आम्दानी भएकोमा चालु तर्फ रु.२७,८७,००,०५५.३२ र पूँजिगत तर्फ रु.१६,३७,१७,७१२.६१ र वित्तीय व्यबस्था तर्फ रु.१०,८४,३७,९६२.६० समेत रु. ५५,०८,५५,७३०.५३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.९३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.७१,०७,५००.०० खर्च भएको छ जुन आन्तरिक आयको २६.१६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६५.०३ प्रतिशत चालु र ५८.७४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक

कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

११ **लक्ष्य प्रगतिः-**

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या (उपभोक्ता समिति बाट संचालित योजना) | ३१३ (२८८ कार्य सम्पन्न) | ० | ० | ० | ०.९२ |

१२ **व्यवसाय कर; -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.२०,४०,८५१.०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

१३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१४ **सार्वजनिक परीक्षणः -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

## १५ गाउँपालिका पूँजिगत बजेटबाट वितरणमुखी खर्चः -

स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गाँउपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या ,२०७४ अनुसार पूँजिगत बजेटबाट चालु खर्च गर्न नमिल्ने उल्लेख छ । निम्नानुसार अनुत्पादक एवं प्रतिफल प्राप्त नहुने कार्यमा पुँजिगत शीर्षकबाट खर्च लेखेको छ । चालु खर्च मितव्ययी तथा पूँजिगत खर्च नतिजामुखी कार्यमा खर्च गर्नुपर्दछ । केही गोश्वारा भौचरको नमूना परीक्षण गर्दा निम्नानुसार शीर्षक/कार्यमा पूँजिगत शीर्षकबाट चालु प्रकृतिको कार्यमा खर्च गरेको देखिन्छ । पूँजिगत खर्चबाट थप पूँजि निर्माण हुने कार्यमा मात्र खर्च गरिनुपर्दछ ।

| भौ.नं. र मिति | विवरण | अनुदान रकम |
|---|---|---|
| १५३।२०७९।१२।३० | तुमु समाज निर्माण | ४७७६६९.०० |
| | भुले समुदाय शौचालय निर्माण | २८४००४.०० |
| ३२८।२०८०।३।०५ | लागत साझेदारी कार्यक्रम | १९६४४०.०० |
| ३३२।२०८०।३।५ | लागत साझेदारी कार्यक्रभ | २६२९५७.०० |
| ६७।२०८०।११।०३ | कृषि प्राविधिकको अनुगमन खर्च | ४५००.०० |
| १७६।२०८०।०१।०५ | आमा समूह भवन निर्माण | ३२४२४६.०० |
| १९६।२०८०।०१।१७ | लेख बहादुर नेपालीको नाला निर्माण कार्य | १९१६५६.०० |

## १६ सुरक्षित आप्रवासन कार्याक्रमः -

सुरक्षित आप्रवासन कार्याक्रमः वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको पुनःएकीकरण कार्यक्रम संचालन निर्देशिका, २०७९ को प्रस्तावनामा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको पुँजी, सीप, प्रविधि र अनुभव नेपालमानै उद्यमशीलताको विकास तथा सीप प्रवद्धनमा उपयोग गर्दा सामाजिक तथा आर्थिक एकीकरण हुने उल्लेख भएकोमा पालिकमा संचालित कार्याक्रमहरुको नमुना छनौट गरी परीक्षण गर्दा वैदेशिक रोजगारीमा सिकेको सीप र प्राप्त भएको अनुभव भन्दा भिन्न क्षेत्रमा अनुदान प्रदान गरेको देखिएको छ ।पालिकाले नियमित अनुगमन गरी प्रोफाइलको आधारमा विदेशमा प्राप्त गरेको अनुभवको उपयोग हुने योजनामा अनुदान प्रदान गर्नुपर्दछ ।केही उदाहरणहरु

| रिटर्नीको नाम | विदेशको अनुभव | नेपालमा व्यवसाय | रकम रु. |
|---|---|---|---|
| अमृत कुमार श्रेष्ठ | डाइभिङ्ग | सुस्मिता व्यूटी पार्लर | २५०००.०० |
| रिम बहादुर कार्की | कन्स्ट्रक्शन वरकर | होटल व्यवसाय | ३००००.०० |

## १७ दुधमा उत्पादनमा अनुदानः-

गो.भौ.नं ८५९ मिति २०७९।०३।२० बाट आ.व. २०७९।०८० मा नेपाल सरकार- समानिकरण अनुदान स्रोत तर्फको बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सहकारी मार्फत दुध उत्पादनमा आधारित प्रति लि रू.१.५ रूपैया अनुदान कार्यक्रम शिर्षकमा रु.२९,००,०००/- विनियोजन भएकोले उक्त कार्यक्रम मिति २०८०/०३/०७ गते प्रथम पटक प्रकाशित सूचनाको आधारमा श्री याम्पा फौट दुग्ध उत्पादक सहकारी सस्था लि. बन्दीपुर ५ याम्पा र श्री सुर्योदय दुग्ध उत्पादक सहकारी सस्था लि. बन्दीपुर १ बेलभन्ज्याङबाट प्रस्ताव पेश भएको र निजहरुको प्रस्तावसग संलग्न कागजात र सम्वन्धित वडा कार्यालयको सिफारिसको आधारमा मिति २०७९/०४/०१ देखि २०८०/०३/१२ गते सम्ममा सूर्योदय दुग्ध उत्पादक सहकारी सस्था लि. बन्दीपुर १ बेलभन्ज्याङले ६४०९९ लिटर दुग्ध उत्पादन गरेको र त्यसै गरी भिति ०७९।०४।०१ देखि २०८०।०३।१४ गते सम्म श्री याम्पाफाँट दुग्ध उत्पादक सहकारी सस्था लि. बन्दीपुर ५ याम्पाले १०३९८८६ लि. कृषक हरुबाट संकलन भएको सहकारीले विवरण पेश गरी दुध उत्पादन गरेको बन्दीपुर गाउपालिकाबाट अनुदान दिन सम्बन्धित वडाबाट सिफारिस समेत भएकोले बडाको सिफारिस र निजहरूको प्रस्तावसँग संलग्न कागजातको आधारमा श्री सूर्योदय दूग्ध उत्पादक सहकारी सस्था लि. बन्दीपुर १ वेलभन्ज्याङलाई रु. ९६,१४८.५।- र श्री याम्पा दूग्ध उत्पादक सहकारी सस्था लि. वन्दीपुर ५ याम्पालाई रु. १५५९८२९।— को अनुदान रकम दिनुपर्नेमा श्री याम्पा दूग्ध उत्पादक सहकारी सस्था लि. वन्दीपुर ५ याम्पालाई भुक्तानी जानुपर्नेमा याम्पा दुग्ध उत्पादक सहकारीलाई मात्र अनुदान रकम भुक्तानी गएको देखिन्छ । साथै उक्त अनुदान १.५ रुपैयाँ प्रतिलिटरमा दिएको अनुदान सहकारी मार्फत दुध उत्पादनमा आधारित प्रति लि रू.१.५ रूपैया अनुदान भएकोले किसानले प्राप्त गरे नगरेको अनुगमन गर्नुपर्दछ ।

## १८ ५० प्रतिशत अनुदान;-

गो.भौ.नं ८०९ मिति २०८०।०३।१८ बाट २२५२२ कार्यक्रमबाट गाई भैसी बाख्रा बँगुर कुखुरा र माछामा ५० प्रतिशत अनुदान कार्यक्रम २५ अन्तर्गत निम्नानुसारका विभिन्न दर्ता भएका २५ वटा कृषि तथा पशु फर्महरुलाई रु. ६,१०,०००.०० भुक्तानी दिएको देखियो । उक्त फर्महरु सँग सम्झौता गर्नुपर्नेमा फर्मको संचालक तथा व्यक्ति सँग सम्झौता गरी फर्मको स्थायी लेखा नंम्बर र फर्मको आधिकारिक छाप जस्ता पुष्ट्याई हुने प्रमाण बेगर खर्च लेखेको अवस्थामा सम्बन्धित लाभग्राहीले प्राप्त गरे नगरेको, फर्म दर्ता भए, नभएको सम्बन्धमा एकिन हुन सकिएन। तसर्थ स्थायी लेखा नं. खुल्ने प्रमाण र व्यक्ति सँग भएको सम्झौता, फर्मको संचालक भए नभएको पुष्ट्याई गर्नुपर्दछ । केही उदाहरण निम्नानुसार छन्ः-

| भुक्तानी पाउनेको नाम | सम्झौता भएको व्यक्तिको नाम | प्यान नं. | भुक्तानी रकम |
|---|---|---|---|
| उत्तम गाई फर्म | उत्तम नैनावस्ती | ? | २५,०००.०० |
| एलविशन बाख्रा फर्म | लाल सिँह थापा | ? | २५,०००.०० |

| | | | |
|---|---|---|---|
| ओम दिल कृषि तथा पशु फर्म | टिका राम थापा | ? | २५,०००.०० |
| गोपाल बाखा फर्म | गोपाल थापा | ? | २५,०००.०० |
| छबिसे कृषि तथा पशुपन्छी फर्म | राम बहादुर गुरुङ्ग | ? | २५,०००.०० |
| ठकुरी कृषि तथआ पशुपन्छी फर्म | सृजना ठकुरी | ? | २५,०००.०० |
| ठूलो घुम्ती बंगुर फर्म | विष्णु माया रोका | ? | २०,०००.०० |
| थापा कृषि तथा पशु फर्म | वुद्धि बहादुर थापा | ? | २५,०००.०० |
| निशान कृषि तथा पशुपन्छी फर्म | चिज कुमार गुरुङ्ग | ? | २५,०००.०० |
| फुलमाया बाखा कुखुरा फर्म | फुलमाया थापा | ? | २५,०००.०० |
| मन ठाकु कृषि तथा पशु फर्म | मन बहादुर गुरुङ्ग | ? | २५,०००.०० |
| रन्जन गाई भैंसी तथा कृषि फर्म | रमाकाला शर्मा अधिकारी | ? | २५,०००.०० |

## १९ प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः-

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानिय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रशासकीय अधिकृत सहित ४० दरबन्दी स्वीकृत रहेकोमा ३९ दरवन्दी पदपूर्ती भएको देखिन्छ । असिष्टेन्ट सव ईन्जिनियर १ पद रिक्त रहेको विवरण प्राप्त भएको छ ।

## २० दरवन्दी बाहिरको करार सेवाः-

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरि संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्वर, ईलेक्ट्रिसियन, चौकिदार, माली, बगैचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था छ । देहायका १३ जना कर्मचारी दरबन्दी बाहिर राखी पालिकाले रु.५०,७५,७९०।- खर्च गरेको देखिएकोले नियमसम्मत नदेखिएको रु.

| कर्मचारीको नाम | कार्यरत पद | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| ऋषिराम ढुङ्गाना | पाँचौ तह(प्रशासन) | ४५१४९० | |
| सन्तोष ठकुरी | चौथो तह( ना.प.स्वा.प्रा) | ४२७७२६ | |

| | | | |
|---|---|---|---|
| मन्दिया श्रेष्ठ | चौथो तह( ना.प.स्वा.प्रा) | ४२७७२६ | |
| केशव डाँगी | चौथो तह अमिन | ४२७७२६ | |
| वन्दना लामा गुरुङ्ग | चौथो तह प्रशासन | ४२७७२६ | |
| काशीनाथ भट्टराई | चौथो तह प्रशासन | ४२७७२६ | |
| समीक्षा थापा | चौथो तह प्रशासन | ४२७७२६ | |
| पार्वती नेपाली | अ.हे.व चौथो | २९९००० | |
| पल्लवी सुवेदी | नेत्र सहायक पाँचौ | ३३६८४६ | असोज ९ देखि नियुक्त |
| भावना श्रेष्ठ | दन्त सहायक(पाँचौ) | १३८९२० | चैत्र १ गतेदेखि नियुक्त |
| निर्मला थापा | अ.दे.व चौथो | ४२७७२६ | |
| सुनिता थापा | ल्याव असिष्टेन्ट | ४२७७२६ | |
| रमा कार्यस्थ | अ.हे.व चौथो | ४२७७२६ | |
| जम्मा | | ५०७५७९० | |

| | |
|---|---|
| अनियमित भएको | ५०,७५,७९० |

२१ **राजस्व संकलनः-**

सूत्र (SUTRA)२७२ अनुसार पालिकाको राजस्व रकम रु.२७१६४६१२।०० देखिएको तर पालिकाले साङ्ग्रला सफ्टवेयर वाट वडा स्तरमा संकलित राजस्व रकम रु.१५७०८६०९।०० देखिएको छ । वडा स्तरमा संकलन भएको राजस्व सूत्रमा प्रविष्ट गरी बैक दाखिला गर्ने व्यवस्था रहेकोमा रु ११४५६००३ फरकपर्नाको कारण पहिचान गरी हिसाबमिलान गरिनुपर्दछ ।

## २२ राजश्व ढिला दाखिला : -

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम २७(१) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । पालिकाले ६ वटा वडा बाट प्राप्त गरेको राजश्व रकम नियमावलीमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरे नगरेको सम्बन्धमा एकिकृत विवरण तयार पारेको छैन ।पालिकाले महिनाभरी संकलन गरेको राजस्व अर्को महिना बैक दाखिला गर्ने गरेको छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम समयमै बैकमा दाखिला गर्न तर्फ ध्यान दिनुपर्दछ

## २३ कानून र सञ्चालन स्थितिः-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २५ वटा ऐन, ४ वटा नियमावली, ४२ कार्यविधि, निर्देशिका मापदण्ड लगायत ७१ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले २ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।

## २४ न्यायिक समितिः-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको, यो वर्ष १२ विवाद दर्ता भएकोमा १२ वटा नै फर्स्यौट भएको छ । न्याय सम्पादन कार्य चुस्त, दुरुस्त हुनुपर्दछ ।

## २५ आय अनुमान;-

आय अनुमान - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. २,२४,८०,७८५.६० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.१५७०८६०९.८६ अर्थात अनुमान भन्दा ३०.१२ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२६ **आन्तरिक आय :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३१,५४,२१,०६५.२६ | १५७०८६०९.८६ | ०.०४ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.०४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२७ **राजश्व अभिलेख ;-**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेको छ। अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

२८ **सामुदायिक वनको आयः-**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ ।डिभिजन वन कार्यालयबाट प्राप्त विवरणको आधारमा निम्न बमोजिमको पालिका अन्तर्गतका सामुदायिक वनहरुले उत्पादित काठ दाउराको विक्री वापत रकम प्राष्त गरेकोमा सकार/विक्री रकमको १० प्रतिशत रकम स्थानीय संचित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| सामुदायिक वनको नाम | सकार/विक्री रकम रु | १० प्रतिशतले हुने रकम रु |
|---|---|---|

| | | |
|---|---|---|
| लेकैश्वारा बन्दिपुर-६ | ६८६५५५.०० | ६८६५५.५० |
| देविथान बन्दिपुर-२ | ६६३१६३.०० | ६६३१६.३० |
| सिँहथानी बन्दिपुर-६ | ३९०६९३७.०० | ३९०६९३.७० |
| वाक्से बन्दिपुर-६ | ४४२७३५.०० | ४४२७३.५० |
| सिमलकाँडा बन्दिपुर-६ | ६६७७५०.०० | ६६७७५.०० |
| धमिलिखोला बन्दिपुर-३ | ४७८७६५.०० | ४७८७६.५० |
| वासेगैरा ठकुरीडाँडा-३ | ४०६८०५.०० | ४०६८०.५० |
| जम्मा रु. | ७२५२७१०.०० | ७२५२७१.०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,२५,२७१ |

२९ **आय ठेक्का नलागेको :-**

स्थानिय सकार संचालन ऐन २०७४ को दफा ६२ (क) मा पालिकाले आफ्नो क्षेत्रभित्रको वातावरणिय मूल्याङ्कन तथा प्राम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुगङ्गा, गिट्टी, वालुवा विकारी वापत पालिकाको संचित कोषमा जम्मा गर्ने तथा गण्डकी प्रदेश सरकार ढुङ्गा, गिटी बालुवा उत्खन् संकालन क्रसिङ र विक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि २०७५ मा सम्बन्धित स्थानिय तहले प्रदेश सरकारले तोकेको दरमा सम्झौता गरी सोही बमोझिम राजस्व संकलन गर्ने व्यवस्था गरेको छ । पालिकाले देहाय बमोजिमका घाटहरुमा IEE प्रतिवेदन अनुसार दैनिक ९९.८८ घ.मी. र वार्षिक अनुमानीत न्यूनतम राजश्व र मू.अ.कर बाहेक रु. ७०८५७४४.५७ प्राप्त गर्न सकेको छैन । निम्नानुसार ६ को सेती नदि अन्तर्गतका ६ वटा घाटहरुको गिट्टी, ढुङ्गा, बालुवा उत्खनन् तथा विक्रिका लागी २७४६८ घ.मी. को देहाय अनुसार न्यूनतम कबोल अंक कायम गरी मिति २०७९।११।२६ मा सूचना प्रकाशन गरेकोमा कुनैपनि बोलपत्र नपरेको र पालिकाले अमानतबाट समेत संकलन तथा विक्री गरी राजस्व प्राप्त गरेको नदेखिएकोले अमानतबाट संकलन गरी राजस्व प्राप्त गर्नुपर्दछ ।

| **ठेक्का नं.** | **विवरण** | **घ.मी.** | **रकम रु.** |
|---|---|---|---|
| १-२०७९।०८० | खहरे घाट | ४०५० | १०००१८८.०० |
| २-२०७९।०८० | दापघाट | ६८०४ | १८६०३४९.६८ |
| ३-२०७९।०८० | भटेनी बगर | ३२४० | ८५१५८८.६४ |
| ४-२०७९।०८० | सिसौरी घाट बगर | २६४६ | ६६७४५८.७९ |
| ५-२०७९।०८० | सुनपोखरीघाट बगर | ५५४४ | १३९८४८५.०९ |
| ६-२०७९।०८० | सराङ्गघाट बगर | ५१८४ | १३०७६७४.३७ |

| | | | |
|---|---|---|---|
| | **जम्मा** | २७४६८ | ७०,८५,७४४.५७ |

## ३० कर तथा शुल्क असुली; -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ४०२४९०२.३ | ४८६२१७६.०० | १२०.८ |
| घरजग्गा वहाल कर | २५०८८२३.९० | ३७४९८३१.४ | १४९.४ |
| व्यवसाय कर | २९०९६६६.७५ | २०४०८५१.२२ | ७० |
| वहाल विरौटी शुल्क | ३८८८८०.५० | १७०२५ | ४.७४ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ। साथै एकिकृत सम्पत्ति कर र घरजग्गा बहालकरमा अनुमानको प्रक्षेपण नै घटी रहेको हो वा लक्ष्य भन्दा बढी असूली सम्बन्धमा अनुमानलाई विश्वसनिय आधारले तय गरिनुपर्दछ ।

## ३१ प्रदेश कानुनले तोके भन्दा घटी आयः-

मस्याङ्गदी नदि किनारको वडा नं ५ याम्पामा संकलन गरि राखिएको नदिजन्य पदार्थ (गिट्टी, ढुङ्गा, बालुवा आदी) मपतप २०७९ भाद्र २६ र २०७९ असोज ९ गतेका दिन अनुगमनको क्रममा घाट गद्दी गरि राखेको अवस्थामा नदिजन्य पदार्थ भेटिएको र प्राविधिक नापजाँच गर्दा नदिजन्य पदार्थको परिमाण करिब ११४९४ घनमिटर रहेको र बन्दिपुर गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०७९ कार्तिक ३ गतेको बैठकले माथी उल्लेखखित नदिजन्य पदार्थलाई ठेक्का प्रक्रियाबाट बन्दोबस्त गर्न रु. ८.५० प्रति घनफिट न्यूनतम अंक कायम गरि बढी बढाउबाट ठेक्का रु. ३४४६८२०.७२ न्यूनतम अंक कायम गर्ने मिति २०७९।०७।१५ मा निर्णय गरेको देखिन्छ ।

| विवरण | विक्री गरिने परिमाण (घ.मि.मा) | न्यूनतम बोलपत्र रकम (मू.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| याम्पामा संकलित नदिजन्य पदार्थ (गिट्टी, ढुङ्गा, बालुवा आदी) | ११४९४.०५ | ३४५०७४४.१ | मिति २०७९।०७।२०मा प्रथम पटक सुचना प्रकाशन |
| | | २८४१३६२.५ | मिति २०७९।०९।२५ मा दोस्रो पटक सुचना प्रकाशन |
| | | २८४१३६२.५ | मिति २०७९।०७।२०मा तेस्रो पटक सुचना प्रकाशन |
| | | २२०००००. | मिति २०७९।०७।२०मा चौथो पटक सुचना प्रकाशन |
| | | १८३४०६१.१४ | मिति २०७९।०७।२०मा पाँचौ पटक सुचना प्रकाशन |

पाँचौं पटकको सूचना अनुसार मू.अ.कर रु. २३८४२७.९५ र अग्रीम कर रु. २७५१०.९१ समेत रु. २१००,०००.०० कार्यालयमा बुझाएकोमा मू.अ.कर र अग्रीम कर बापतको रकम पाँचौ पटकको सकारकर्ता नितेश कन्सट्रक्सनले कार्यालयमा दाखिला गरेको भएतापनि कार्यालयले संघीय राजश्व खातामा मिति २०८०।०४।१७ मा दाखिला गरेको छ । प्रदेश सरकारले तोकेको प्रति घन फिटको रु. ७ ले ११४९४.०५ घ.मी. को रु. २८३८५७०.५८ हुनेमा सो समेतको आय प्राप्त नगरी रु. १८३४०६१.१४ मात्र प्राप्त गरेकोले प्रदेश कानुनले तोकेभन्दा रु. १००४५०९.४४ घटी प्राप्त गरेको देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १०,०४,५०९.४४ |

## ३२ ठेक्का अभिलेखः-

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

## ३३ ठेक्का व्यवस्था : -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ३ देखि २८.६१ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने

देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण अनुसुचीमा उल्लेख छ ।

**(विस्तृत विवरण बेरूजु दफा ३३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ३४ योजना प्राथमिकीकरण ;-

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्न अनुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल ३१३ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ११५ | ० | २३ | ९२ |
| २ | वडास्तरीय | १९८ | ० | २३ | १७५ |
| | जम्मा | ३१३ | ० | ४६ | २६७ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ

## ३५ आवधिक योजना;-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक

बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

३६ **जिन्सी व्यवस्थापनः-**

३६.१ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

३६.२ **PAMS;-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः-

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा सम्पूर्ण खरिद कार्यको हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

३६.३ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षणः-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो मन्त्रालय र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था निम्न छ । पालिकाले विवरण

अद्यावधिक गरेको छैन । सम्पत्तिको उपयोग, संरक्षण र प्रभावकारी रुपमा अभिलेख अद्यावधिक गरी जिन्सी सम्पत्तीको व्यवस्थापन गर्नुपर्दछ ।

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| जग्गा | २०७२।०३।११ | १ | | साबिक धरमपानी गा.बि.स. बाट प्राप्त |
| घर जग्गा क्षेत्रफल र संख्या सहित | २०६६।०८।१६ | १ | | साबिक बन्दिपुरगा.वि.स. बाट प्राप्त |
| जगगा | २०७४।१२।१८ | १ | | जय बहादुर मगर बाट दान |
| जग्गा | २०७५।१२।१५ | १ | | दम माया मगर बाट दान |
| जग्गा | २०७५।१२।१५ | १ | | आईत माया मगर बाट प्राप्त दान |
| जग्गा | २०७५।१२।१५ | १ | | पुर्ण बहादुर राना |
| जग्गा | २०७७।०४।१८ | १ | | चन्द्र बहादुर मगर बाट दान |
| जग्गा | २०७५।०८।१८ | १ | | छलिमाया श्रेष्ठ |
| जग्गा | २०७५।११।२६ | २ | | सज्रिप हाउजिङ कम्पनि बाट प्राप्त |
| | २०७५।११।१४ | | | |
| जग्गा | २०७८।०८।१० | १ | | प्रदिप नेपालीबाट प्राप्त |
| जग्गा | २०७६।११।२७ | १ | | मिश्री सार्की बाट प्राप्त दान |

| | | | | |
|---|---|---|---|---|
| जग्गा | २०७६।११।०६ | १ | १२५००० | सुमित्रा सार्की बोगटीबााट प्राप्त दान |
| जग्गा | २०७४।१०।२९ | १ | | |
| जग्गा | २०७४।०२।२८ | १ | १०,००,००० | राज कुमार श्रेष्ठ बाट दान |
| जग्गा | २०७४।०२।२८ | १ | ८००,००० | मथुरा प्रदानबाट दान |
| जग्गा | २०७४।०२।२८ | १ | १०,००,००० | हसुन्दर कुमार श्रेष्ठ बाट दान |
| जग्गा | २०७४।१०।१९ | १ | ५००,००० | चमेलि देवि वाट दान |
| जग्गा | २०७४।०२।१७ | १ | ६०,००० | राजाराम प्रदान बाट दान |
| जग्गा | २०७४।०२।१७ | १ | ५५००० | राजन कुमार श्रेष्ठ र सुमन श्रेष्ठ बाट प्राप्त दान |
| जग्गा | २०७६।०५।२५ | २ | | ३ नं. वडा कार्यालय |
| जग्गा | २०७६।०२।०७ | १ | | ३ नंं वडा |
| | | | | |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | २०७४।०२।२९ | १ | २४५९०० | |
| मोटर साईकल होण्डा | २०७४।०४।२९ | १ | १८९९०० | |
| मोटर साईकल | २०७४।९।१८ | २ | ४३५८०० | |
| मोटरसाईकल | २०७५।०२।०८ | २ | ४३९८०० | |

| | | | | |
|---|---|---|---|---|
| मोटरसाईकल | २०७७।०२।१४ | ३ | ६१८३१८.५७ | |
| मोटरसाईकल | २०७७।०२।१४ | ३ | ७०००००.८ | |
| मोटरसाईकल | २०८९।०३।०३ | १ | २४६६०९.११ | |
| मोटरसाईकल | २०८०।०२।३२ | २ | ५८१८००.२४ | |
| स्कुटर | २०७६।०२।०२ | १ | १९९०२६.५५ | |
| स्कुटर | २०७९।०२।११ | १ | १८२२१० | |
| स्कुटर | २०७९।०९।०५ | १ | ३६९७१०।८५ | |
| मोटरसाईकल | २०७६।१२।०९ | १ | १८२८९९ | जिल्ला समन्वय समिति वाट प्राप्त |
| बिलेरो जिप | २०७१।१०।१५ | १ | ३२४४३९० | |
| टिपर ईक | २०७३।०३।२२ | १ | २८५०००० | |
| | २०७२।०३।२१ | १ | ४१००००० | |
| ब्याकहो लोडर | | | | |
| हाईड्रोलिक कन्टेनर ट्याक्टर | २०७५।०२।०९ | १ | ३३६२३० | |
| ट्याक्टर सोनालिका | २०७४।११।१४ | १ | १५९११५०.४४ | |

| | | | | |
|---|---|---|---|---|
| ईसिजु पिकर | २०७५।०३।२८ | १ | ३९५७००० | |
| उपकरण (रु.१ लाखभन्दा बढी) | २०७०।०७।२० | १ | १२०००० | फोटोकपी मेसिन चालु हालतमा नरहेको |
| अक्सिजन कन्सन्टेटर | २०७५।१२।१२ | १ | १३०००० | |
| एक्सरे सेसिन | २०७५।१२।१२ | १ | १३९८२३० | |
| अल्ट्रासाउण्ड स्यानर | २०७५।०९।१६ | १ | ३९४९८२.३ | |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | | | | फोटोकपी मेसिन चालु हालतमा नरहेको |
| अतिक्रमणमा परेको जग्गा | | | | |
| अतिक्रमण हटाउन गरेको प्रयास | | | | |

३७ **भुक्तानी बाँकीको कच्चाबारी बेगर भुक्तानीः-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ३९( ५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा सोही नियमावलीको नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्ने वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। नियम ३९ (१३)मा बजेटले नखामेको खर्च आगामी वर्षमा भुक्तानी दिन बाँकिको विवरण आर्थिक वर्ष समाप्त भएको सात दिन भित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ । भुक्तानी दिन बाँकीको विवरण बेगर पालिकाले आ.व. २०७८।०७९ मा खर्च भएको बिल भरपाई प्रमाण कागजात राखी यो आर्थिक वर्षमा निम्नानुसारको रकम रु. ६७,४९०.०० खर्च लेखेकोमा भुक्तानी बाँकीको बिबरण बेगरको भुक्तानी नियमसम्मत नदेखिएको रु.

| गो.भौ.नं र मिति | कारोबार विवरण | भुक्तानी रकम रु. |
|---|---|---|
| ४०-०५।२९ | स्वकिय सचिव श्री अमिर गुरुङ्गलाई मिति २०७९ जेठ १० गते देखि आषाढ महिना सम्मको पारीश्रमिक भुक्तानी | ४७६९०.०० |

| | | |
|---|---|---|
| ११६-०६।१३ | २०७९ बैशाख देखि आषाढ महिनाको रु. ६६००.०० का दरले विनु चितौरेलाई भुक्तानी | १९८००.०० |
| | जम्मा रु | ६७४९०.०० |

| | |
|---|---|
| अनियमित भएको | ६७,४९० |

## ३८ सहकारी नियमनः-

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र 34 वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

## ३९ पेश्की बाँकीः-

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई निम्नानुसारको म्याद नाघेको पेश्की रु. २,२५,०००.०० फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु

| पेश्की लिएको गो.भौ.नं र मिति | पेश्कीको विवरण | पेश्की लिनेको नाम | रकम |
|---|---|---|---|
| ७७१- २०८०।०३।१४ | खानेपानी महशुल | बन्दीपुर खानेपानी तथा सरसफाई उ.सं. | २५,०००.०० |
| ८५२- २०८०।०३।२० | बन्दिपुर अस्पतालको विद्युत महसुल | नेपाल विद्युत प्राधिकरण डुम्रे शाखा | ७०,०००.०० |
| | बन्दिपुर अस्पतालको विद्युत महसुल | नेपाल विद्युत प्राधिकरण डुम्रे शाखा | १,००,०००.०० |
| | कालिन्चो शहरी स्वास्थ्य चौकीको विद्युत महसुल | नेपाल विद्युत प्राधिकरण डुम्रे शाखा | १०,०००.०० |
| | कुकुर्दि सामुदायिक स्वास्थ्य केन्द्रको विद्युत महसुल | नेपाल विद्युत प्राधिकरण डुम्रे शाखा | १०,०००.०० |
| | पिप्ले आधारभुत स्वास्थ केन्द्र विद्युत महसुल | नेपाल विद्युत प्राधिकरण डुम्रे शाखा | १०,०००.०० |
| | | जम्मा | २,२५,०००.०० |

| | |
|---|---|
| पेश्की | २,२५,००० |

४० **आन्तरिक लेखापरीक्षणः- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका निम्नानुसार व्यहोराहरु कायम गरिएको छ । असूल फछ्यौंट हुनुपर्दछ ।**

४०.१ २०७९/५/१९ प्रमूख प्रशासकीय अधिकृत श्री नन्दलाल शर्मा मिति २०७९/५/१६ गते काठमाण्डौ काजबाट कार्यालय फर्किनुभएको र सो कार्यालय फर्केको दिनमा पाउने दैनिक भ्रमण भत्ता बापतको रकम रु ४००।— भुक्तानी लिनुभएको देखिन्छ । र पुनः सोही दिनमा कार्यालयबाट दमौली काजमा गई उक्त दिनको दैनिक भत्ता बापतको रकम रु १६००।— समेत भुक्तानी लिनुभएको देखिन्छ । एकै दिनमा दोहोरो दैनिक भ्रमण भत्ता भुक्तानी लिएको देखिएकाले दोहोरो भएको रु १६००।— निजबाट असुल गरि दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६०० |

४०.२ सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा १७(२) बमोजिम कार्यालयमा कामको प्रकृति तथा आवश्यकताको आधारमा मोवाइल जस्ता विद्युतिय उपकरण खरिद गर्नुपर्ने व्यवस्था छ । मोवाइल, आइप्याड जस्ता विद्युतीय उपकरण खरिद गर्दा त्यसको उपादेयता, कार्यसम्पादनमा त्यसले पुऱ्याउने टेवा तथा लागत समेतको विश्लेषण गरी मितव्ययीता कायम हुनेगरी खरिद गर्नेतर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ । गाउँपालिकाले यस वर्ष देहाय बमोजिम मोवाइल खरिद गरेको देखिन्छ । गाउँपालिकाले अनुत्पादक तथा उपभोगमुखी खर्चमा कटौति गरी उत्पादनमुखी तथा पुँजी निर्माण हुने योजना तथा क्रियाकलापमा खर्च गर्नुपर्दछ ।

| क्र.स. | गो.भौ. | मोवाइलको नाम | संख्या | लागत रु. |
|---|---|---|---|---|
| १ | ११२-२०७९/६/१३ | Redmi 9 Pro Plus | १ | ४३५९९ |
| २ | ५४७-२०८०/१/५ | A54 5G Samsung | १ | ६०००० |

४०.३ मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (ग) बमोजिम सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आशिंक स्वामित्व भएको संघसंस्थाले ठेक्का वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा आपूर्ति वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशत निजको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले विभिन्न आपूर्तिकर्तालाई भुक्तानी गरेकोमा मुल्य अभिवृद्धि करको शत प्रतिशत नै भुक्तानी दिएकोले मुल्य अभिवृद्धि कर भुक्तानी भएको रकमको रु. ७७३११.०० मुल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं. | कामकोविवरण | आपूर्तिकर्ता | भुक्तानीरकम | मु.अ.कर |
|---|---|---|---|---|
| १५३-२०७९/७/३ | सार्वजनिक सुनुवाई | मदानी मिडिया नेटवर्कप्रा.लि. | ८३६२५ | ९७५०.०० |

| | | | | |
|---|---|---|---|---|
| ६३०-२०८०/२/१२ | सिलाईमेशिन खरिद | रुबी साइकलसेन्टर, भरतपुर-२, चितवन | २११५०० | ६९०२.०० |
| ८५६-२०८०/३/२० | GESI Audit | SCS Consulting Services Pvt.Ltd | १४८०३० | ५१०९.०० |
| ९०९-२०८०/३/२४ | सवारी चालकतालिम | सिद्धगुफाड्राईभिङ्ग प्रशिक्षण केन्द्र | ६५०००० | २२४३३.०० |
| ५६-२०८०/३/२४ (संघीय पुँजीगत) | विद्युतीय चुलो खरिद | स्मार्ट सोलार प्रा.ली, बालाजु, काठमाण्डौं | ९५९३०० | ३३११७.०० |
| | | **जम्मा** | | **७७३११.००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७७,३११ |

४०.४ गाउँपालिका कार्यालय तथा अन्तरगतका कार्यालयहरुको विद्युत, टेलिफोन तथा खानेपानी महशुल भुक्तानी गर्दा साथै कार्यालयमा रहेका सवारी साधनहरुको नविकरण गर्दा विलम्ब गरी भुक्तानी गरेको कारणले जरिवाना तिरेको कारणबाट कार्यालयलाई थप आर्थिक भार पर्न जान्छ । रकम विनियोजन भएको अवस्थामा पनि समयमानै महशुल भुक्तानी नगरी जरिवाना तिर्ने प्रवृति नियन्त्रण गर्नुपर्दछ र यसमा कार्यालय प्रमुख र सम्बन्धित कर्मचारीहरुले ध्यान दिनुपर्ने देखिन्छ । कार्यालयले जरिवान तिर्नुपरेका केही उदाहरणहरु निम्न छन् ।

| **क.स.** | **गो.भौ.नं.** | **विवरण** | **जरिवाना रकम रु.** |
|---|---|---|---|
| १ | १५५-२०७९/७/३ | ५ नं. वडा कार्यालय- विद्युत महशुल भुक्तानी | ५७४ |
| २ | ५६१-२०८०/१/२५ | प्राविधिक शाखाको विद्युत महशुल भुक्तानी | ३९०३ |
| ३ | ७१२-२०८०/३/४ | पशुपन्छी विकाश शाखा, नाहाला | १२९ |
| ४ | ७२८- २०८०/३/६ | गाउँपालिका भवनको विद्युत महशुल भुक्तानी | १८६९० |
| ५ | ७८६- २०८०/३/१५ | वडा नं. ३ वडा कार्यालय भवन | ५७० |

४०.५ ४५१- २०७९/१२/१ बन्दीपुर गाउँपालिकाबाट पारित तालिम, गोष्ठी, कार्यशाला, अध्ययान भ्रमण एवं पदाधिकारी तथा कर्मचारीको सुविधा सम्बन्धी कार्यविधि, २०७६ को कार्यविधि ५ मा गाउँपालिका आफैले आयोजना गर्ने वा वडा तथा समुदायमा आयोजना गरिने सीप विकास, क्षमता विकास तालिम, गोष्ठी सञ्चालन गर्दा प्रशिक्षक भत्ता अधिकृत स्तर प्रतिकक्षा रु १०००।— र सहायकस्तर प्रतिकक्षा रु.५००।— निर्धारण गरिएकोमा गाउँपालिकाले उपभोक्ता समितिका पदाधिकारी र टोल विकास संस्थाका पदाधिकारीहरुलाई क्षमता विकास सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी प्रशिक्षक भत्ता वितरण गर्दा तोकिएको दर भन्दा बढी दरले वितरण गरेको पाइएकाले तोकिएको दर भन्दा रु. ७२२५.०० बढी वितरण गरिएको रकम असुलउपर गर्नुपर्ने रु.

| क्र.स | प्रशिक्षकको नाम | कार्यविधि अनुसार तोकिएको दर | वितरण गरिएको दर | कक्षा संख्या | बढी भुक्तानी रकम रु. करबाहेक |
|---|---|---|---|---|---|
| १ | श्री नन्दलाल शर्मा, प्र..अ | रु १०००।- | रु.१५००।- | ६ | २५५०.०० |
| २ | श्री सुनिल पाण्डे, अधिकृत आठौं | रु १०००।- | रु.१५००।- | ९ | ३८२५.०० |
| ३ | श्री ऋषी ढङ्गाना, सहायक पाचौ | रु ५००।- | रु.१५००।- | २ | ८५०.०० |
| बढी भुक्तानी भएको जम्मा रु. | | | | | ७२२५.०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,२२५ |

४०.६ २३१- २०७९/९/१, ४६०-२०७९/१२/७ बरिष्ठ अधिकृत श्री सुनिल पाण्डेले मिति २०७९/८/२० देखि २८ गतेसम्म काठमाण्डौं भ्रमणमा गएको भ्रमण खर्च बापतको रकम कार्यालयबाट दुइपटक सोधभर्ना भुक्तानी लिएको देखिएकाले एक पटकमा लिएको रु १२,६००।— दाखिला गर्नुपर्ने साथै मिति २०७९/९/२५ देखी २८ गतेसम्म पोखरा काजमा गएको भ्रमण खर्च सोधभर्ना भुक्तानी लिएकोमा हाजिरी विवरण रुजु गर्दा निज २७ र २८ गते कार्यालयमानै उपस्थित रहेको देखिएकाले १ दिनको दैनिक भ्रमण भत्ता बापत बढी लिएको रकम रु १,६००।— दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६०० |

४०.७ ६२१-२०८०/२/१० तनहुँ उद्योग बाणिज्य संघ बन्दीपुर बजार इकाई समितिले आयोजना गरेको नयाँ वर्ष फेस्टिवल कार्यक्रम सञ्चालन गर्दा लागेको खर्च रु १,००,०००।- बन्दीपुर गाउँपालिकाबाट भुक्तानी गरिएको छ । समितिले गाउँपालिकामा भुक्तानी माग गर्दा पेश गरेको कागजातहरु तथा समितिको माइन्युट परीक्षण गर्दा उक्त कार्यक्र सञ्चालन गर्न उद्योग, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश पोखराबाट समेत सहयोग प्राप्त भएको व्यहोरा बुझिन्छ । गाउँपालिकाले कुनै विकास निर्माणको कार्य गर्दा होस वा अनुदान तथा आर्थक सहायता उपलब्ध गराउँदा दोहोरो नपर्नेगरी र उत्पादनमुलक कार्य तथा क्षेत्रमा उपयोग हुनेगरी उपलब्ध गराउनेतर्फ जोड दिनुपर्दछ ।

४०.८ ७१४-२०८०/३/४ मिति २०७९/६/५ गते काज सरुवा भई यस कार्यालयमा हाजिर हुनुभएका वरिष्ठ अधिकृत श्री सुनिल पाण्डेलाई खाजाखर्च बापत मासिक रु २०००।— का दरले प्रदान गर्दा कार्यालयमा हाजिर भएको मिति भन्दा अगाडिको मितिदेखि साउन १ गतेदेखिनै खाजाखर्च प्रदान गरिएको देखिएकाले निज हाजिर हुनुभन्दा अगाडिको मितिको खाजा खर्च रकम रु ४,२०३।— कर बाहेक असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,२०३ |

४०.९ ७८७-२०८०/३/१५ नेतृत्व तथा क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्न स.म.वि.नि श्री कविता पौडेलले लिएको पेश्की रु २,३१,५००।— फच्छ्यौट गर्न पेश गरेको कागजात तथा विल भरपाई परीक्षण गर्दा कार्यक्रममा सहभगी २२ जनालाई जम्मा रु ३३,०००।— सहभागी भत्ता वितरण गरेकोमा रु ३४,५००।— को भरपाई पेश गरी पेश्की फच्छ्यौट गरेको देखिएकाले बढी पेश गरी फच्छ्यौट गरेको रु १,२७५।—(कर बाहेक) सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२७५ |

४१ **आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका थप कायम व्यहोराहरुः-**

४१.१ ८०९-२०८०/३/१८ पशुपन्छी तथा मत्य विकास शाखाको गाई भैसी फार्म निर्माण तथा सुधार, व्यवसायिक बाख्रा फर्म निर्माण तथा सुधार, बंगुर खोर निर्माण तथा सुधार, लोकल कुखुरा फर्म निर्माण तथा सुधार, माछापोखरी निर्माण तथा सुधार कार्यमा २५ जना लाभग्राहीहरुलाई ५०% अनुदान बापत जम्मा रु.६,१०,०००।— वितरण गरिएकोमा लाभग्राहीहरुले निर्माण गरेको कार्यको प्राविधिक मुल्यांकन तथा गाउँपालिकाले अनुगमन गरी अनुगमन प्रतिवेदनका आधारमा अनुदान वितरण गर्नुपर्नेमा भुक्तानीको लागि पेश भएको श्रेस्ता परीक्षण गर्दा सो सम्बन्धी कागजातहरु संलग्न नभएको देखिन्छ। लाभग्राहीहरुलाई निश्चित प्रयोजनको लागि अनुदान वितरण गर्ने कार्यको मुल्यांकन तथा अनुगमन पश्चात मात्र अनुदान वितरण गर्ने परिपाटी बसाल्नुपर्छ ।

४१.२ ८४१-२०८०/३/२० गाउँपालिकाले भाडामा लिएको घरको पानी तथा बिजुली महशुल घर धनी श्री बसुन्धरा श्रेष्ठलाई सोधभर्ना रु ९,९००।— भुक्तानी गरिएकोमा श्रेस्ता परीक्षण गर्दा पानी तथा बिजुली महशुलको रु ५,७५४.५।— को मात्रै विल तथा भरपाई संलग्न भएको देखिएकाले रु.४,१४५.५ को पानी तथा बिजुली महशुलको विल तथा भरपाई पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल उपर गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,१४५ |

४१.३ ८५०-२०८०/३/२० बन्दीपुर ताई कृ तव समाज, वडा नं. ४ बन्दीपुरलाई रु १५,०००।— आर्थिक सहायता उपलब्ध गराउने गाउँकार्यपालिकाको निर्णय भएकोमा गाउँपालिकाबाट रु १९,१५९।— उपलब्ध गराएको देखिएकाले निर्णय भन्दा बढी उपलब्ध गराईएको रु ४,१५९।— असुल उपर गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,१५९ |

४१.४ ८८०-२०८०/३/२२ जगदिश्वर आधारभुत विद्यालयमा कार्यरत शिक्षिका सुत्केरी विदामा रहेको समयमा मासिक रु ८,०००।— तलब दिने गरी ३ महिनाको लागि सट्टा शिक्षक करारमा राखिएकोमा विद्यालयलाई उक्त शिक्षकको ३ महिनाको तलब बापत रु

२४,०००।— निकासा दिनुपर्नेमा रु ३०,०००।— निकासा दिएको देखिएकाले बढी निकासा भएको रकम रु ६,०००।— विद्यालयले संञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,००० |

४१.५ ९०७-२०८०/३/२४ टोनर, कार्टेज, कोवोर्ड लगायतका विविध सामाग्रीहरु कार्यालयले खरिद गरेकोमा सप्लायर्स टुजेट कम्पुटर सिष्टम, बन्दीपुर-१ डुम्रेले रु ७६,५०१।— को बिल पेश गरेकोमा कार्यालयबाट रु ७८,५०१।— भुक्तानी गरेको देखिएकाले बढी भुक्तानी भएको रु २,०००।— असुल उपर गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,००० |

४१.६ २४४-(संघीय चालु गो.भौ.८५) प्रमुख प्रशासकीय अधिकृत श्री नन्दलाल शर्मा मिति २०७९/९/१ देखी ४ गतेसम्म दमौली काजमा गई भ्रमण खर्चवापत रु ५,२००।— कार्यालयबाट भुक्तानी लिनुभएको देखिन्छ । बन्दीपुर गाउँपालिकाले वडा नं. ६ धरमपानीमा आयोजना गरेको प्रजनन् रुग्णता स्वास्थ्य सेवा VIA Test कार्यक्रममा सहभागी भई मिति २०७९/९/१ देखी ३ गते सम्मको भ्रमण खर्चबापत रु ४,१००।— पनि लिएको स्रेस्ता परीक्षणबाट देखिन्छ । VIA Test कार्यक्रम सञ्चालको खर्चको भुक्तानी लिदा संलग्न गरिएको स्रेस्ता परीक्षण गर्दा निज उक्त कार्यक्रममा सहभागी भएको बुझिन्छ । एउटा कार्यक्रममा सहभागी भई दैनिक भ्रमण खर्च समेत लिएको अवस्थामा फेरी उही समयमा अर्को भ्रमण खर्च समेत लिनु नियमसंगत देखिदैन, दोहोरो सुविधा देखिन्छ तसर्थ निजले दमौली काजमा गएको भनी भ्रमण खर्च बापत लिएको रु ५,२००।— संञ्चित कोषमा फिर्ता गर्नुपर्दछ रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,२०० |

४२ **आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका थप कायम व्यहोराहरु**

४२.१ २४९-२०८०/३/१८ स्वास्थ्य संयोजक श्री अन्जिर भट्टराईले वडा नं. ३ स्वामी फेद आमा समुह भवनमा सामाजिक व्यवहार परिवर्तन सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्दा सहभागी संख्या ८० जनालाई रु १६,०००।— खर्च लेख्नुपर्नेमा सहभागी भन्दा बढी २८ जना राखी रु २१,६००।— खर्च लेखेकाले बढी खर्च लेखेको रु.५,६००।— असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,६०० |

४२.२ २७९- २०८०/३/२२ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत बन्दीपुर गाउँपालिका वडा नं. ६ डाँडाछाप तनहुँमा कन्या देवी आमा समुहबाट सञ्चालित सुन्तला पकेट कार्यक्रमलाई सम्झौता बमोजिम रु १,९२,१२५।— भुक्तानी गर्नुपर्नेमा रु २,१२,१२५।— भुक्तानी भएकाले बढी भुक्तानी भएको रु.१८,०००।— (कर बाहेक) असुल गर्नपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,००० |

४२.३ २७६- २०८०/३/२१ केन्द्रबाट नमुना विद्यालयको रुपमा छनौट भएको पवित्रा मा.वि. लाई विद्यालयको शौक्षिक व्यवस्थापन तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदानको रुपमा विनियोजित रु ५० लाख अनुदान मध्ये बिद्यालयले पेश गरेको विल तथा भरपाईको आधारमा रु ४९,८५,०००।— निकासा गरेको श्रेस्ता परीक्षण गर्दा निम्न व्यहोरा देखिएका छन्-

• सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४ मा सार्वजनिक निकायले गर्ने खरिद कार्यको स्पेशिफिकेशन,योजना, नक्सा, डिजाइन तथा अन्य विवरण तयार गर्नुपर्ने, दफा ५ मा लागत अनुमान तयार गर्नुपर्ने, दफा ६ तथा नियमावली २०६४ को नियम ८ मा वार्षिक रु १० लाख भन्दा बढीको खरिदमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने, दफा ८ मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ तर विद्यालयले बजेटलाई विभिन्न ११ टुक्रामा विभाजन गरी खरिद गरेको छ जुन प्रचलित कानून सम्मत देखिदैन ।

• शिक्षक तालिम सञ्चालन गर्दा लागेको खर्च वापतको रकम रु १,९४,२१०।— को विल भरपाई परीक्षण गर्दा प्रशिक्षक तथा सहभागिहरुलाई भत्ता वितरण गर्दा कट्टी गरि राखिएको पारिश्रमिक कर बापतको रकम रु २१,७५०।— र संलग्न बिल बमोजिमको रकममा अग्रीम आयकर बापतको रकम रु ७३८।— राजश्व बैङ्क दाखिला भएको नदेखिएकाले उक्त उक्त कर रकम बैंक दाखिला गर्नुपर्ने रु. ७३८.००

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७३८ |

## ४३ आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका थप कायम व्यहोराहरु

४३.१ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न. २१७ मिति २०७४/१/२५ को पत्र अनुसार सेवा करारमा कार्यरत स्वीकृत दरबन्दी भित्रका कर्मचारीहरुलाई शुरु तलब स्केल र कम्तिमा ६ महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभूत पारिश्रमिक बराबरको चाडपर्व खर्च साथै सालबसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता उपलब्ध जस्ता सुविधा मात्र सम्झौतामा उल्लेख गरी सुविधा उपलब्ध गराउनुपर्ने उल्लेख छ । बन्दीपुर अस्पतालमा करार सेवामा नियुक्त भएका देहायका कर्मचारीलाई नेपाल सरकार अर्थ मन्त्रालयको परिपत्र अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र विपरित मासिक रु.२०००।— का दरले रु. ६००००.०० महंगि भत्ता उपलब्ध गराएकाले कानूनी आधार विपरितको भत्ता असुल गर्नुपर्ने रु.

| क्र.स. | कर्मचारीको नाम | जम्मा महिना | जम्मा भत्ता रु. |
|---|---|---|---|
| १ | मे.अ. डा. श्रद्धा पण्डित | २ | ४०००.०० |

| | | | |
|---|---|---|---|
| २ | मे.अ.डा. सानु गुरुङ्ग | ६ | १२०००.०० |
| ३ | मे.अ.डा. दिवाकर सिंह थापा | ६ | १२०००.०० |
| ४ | मे.अ.डा. सुरज श्रेष्ठ | ६ | १२०००.०० |
| ५ | मे.अ.डा. आशिष अधिकारी | ५ | १००००.०० |
| ६ | मे.अ.डा. सविना मियाँ | ५ | १००००.०० |
| | जम्मा रु. | | ६००००.०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,००० |

४३.२ ९-२०७९/६/६ बन्दीपुर अस्पतालमा काररमा कार्यरत डा. श्रद्धा पण्डितको मिति २०७९/६/२ गतेबाट (दशै अगाडी नै) करार अवधि समाप्त भई कार्यरत नरहेको अवस्थामा पनि उक्त वर्षको चाडपर्व खर्च प्रदान गरेकोले चाडपर्व खर्च वापत प्रदान गरिएको रु. ५१,६३१।— (कर बाहेक) असुल उपर गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५१,६३१ |

४३.३ ५१-२०७९/९/१ वार्षिक समिक्षा कार्यक्रम गरेबापतको खर्च स्वास्थ्य संयोजक श्री अन्जिर भट्टराईले कार्यालयबाट सोधभर्ना भुक्तानी लिदा कर बाहेक रु.७०,५३४।— को बिल तथा भरपाई पेश गरेकोमा रु. ७६,७३४।— (कर बाहेक) भुक्तानी लिएकाले बढी भुक्तानी लिएको रु. ६२००।— असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,२०० |

४३.४ ६०-२०७९/९/७ दुई दिने पोषण सम्बन्धी तालिम सञ्चालन गर्न स्वास्थ्य संयोजक श्री अन्जिर भट्टराईले लिएको पेश्की रु ४९,६००।— फच्छ्यौट गर्दा जम्मा रु ४७,९००।— को विल भरपाई पेश गरी पेश्की फच्छ्यौट गरेको देखिएकाले बढी पेश्की फच्छ्यौट भएको रकम रु १,७००।— फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७०० |

४४ **मकैको विउमा वढी दरः -**

कार्यालयले कृषकहरुलाई वितरण गर्ने मकैको विउ खरिद गरी ५० प्रतिशत लागत सहभागीतामा खरिद गरेको हुन्छ ।निम्नानुसार भै.नं तथा मितिबाट मकैको विउ खरिद गरि वितरण गरेकोमा दर फरक पारी खरिद गर्दा कार्यालयको अंश वढी लगेको रकम असूल गर्नुपर्ने रु.

| **भौ.नं/मिति** | **कृषक समूहको नाम** | **विउ परिमाण** | **दर** | **वढी फरक** | **जम्मा फरक** | **कार्यालयको अंश** |
|---|---|---|---|---|---|---|
| २१३।०८०।३।१२ | हातेमालो कृषि सहकारी संस्था | २००० के.जी | १४५ | ५ | १०००० | ५००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,००० |

## ४५ अग्रिम करः-

आयकर ऐन, २०५८ अनुसार विल बिजकको भुक्तानी गर्दा १.५ प्रतिशत अग्रीम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । भौ.नं. ४९० मिति २०८०।०३।२४ बाट निम्नानुसारका विद्यालयहरुलाई भित्तेलेखन तथा कक्षा कोठा व्यवस्थापन शिर्षकबाट विद्यालयलाई निकासा गरेकोमा उक्त खरिदमा १.५ प्रतिशत अग्रीमकर कट्टा गरी दाखिला गरेको प्रमाण विद्यालयले पेश गरेको नदेखिएकोले कर दाखिला प्रमाण पेश गराउनुपर्ने रु.

| **सि.नं.** | **विद्यालयको नाम** | **सामान खरिद मूल्य (मू.अ.कर समेत)** | **१.५ प्रतिशत अग्रिम कर रु.** |
|---|---|---|---|
| १ | जगदिश्रर आधारभूत विद्यालय | ९६४३२.०० | १२८०.०७ |
| २ | शान्ती आधारभूत विद्यालय | १०००००.०० | १३२७.४३ |
| ३ | त्रिभुवन आधारभूत विद्यालय | ९१५८८.०० | १२१५.७६ |
| | **जम्मा** | **२८८०२०.००** | **३८२३.२६** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,८२३.५ |

## ४६ बढी निकासा तथा अग्रीम करः-

भौ. नं. ४८९ मिति २०८०।०३।२४ बाट निति तथा कार्यक्रममा उल्लेख भए अनुसार एक विद्यालय एक कम्प्यूटर अभियान संचालन गर्ने कार्यक्रम बमोजिम विद्यालयमा कम्प्यूटर प्रिन्टर तथा स्मार्ट टि.भि वितरण गर्न विभिन्न १२ विद्यालयलाई प्रति विद्यालय रु. १ लाखका दरले निकासा गरेकोमा विद्यालयले खरिद गरेको कम्प्यूटर तथा प्रिन्टरको विलानुसार प्रत्येक विद्यालयले रु. ९९५००.०० मा खरिद गरेकोले वास्तविक खरिद भन्दा प्रत्येक विद्यालयलाई रु. ५००.०० बढी निकासा गरेकोले रु. ६०००.०० असुल गर्नुपर्ने रु. ६०००.०० साथै उक्त विलमा अग्रीम कर कट्टी रु. १५८४९.५५ दाखिला गरेको प्रमाण विद्यालयबाट पेश

नभएकोले प्रमाण पेश हुनुपर्ने समेत रु. २१८४९.५५ विद्यालयबाट बेरुजू खातामा रु. ६०००.०० र कर दाखिला प्रमाण पेश गर्नुपर्ने रु. २१८४९.५५समेत रु. २७८४९.५५दाखिला प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २७,८४९.५५ |

४७ **बढी खर्च;-**

भौ.नं. ११९ मिति २०७९।१२।०१ बाट गरिबी निवारणका लागी यस लघु उद्यम विकास कार्यक्रम अर्न्तगत उद्यमीको स्तरोन्नति आवश्यकताको आधारमा पूर्नताजगी तथा एडभान्स सीप विकासको लागी तालिम संचचालन गरेबापत मेडपा सहजकर्ता अम्विका गाहाको पेश्की फछ्र्यौट समेत रु. १६२७५०.००खर्च लेखेकोमा प्रस्तावित कार्यक्रमको खर्च विवरण अनुसार ९० जना सहभागीको लागी रु. १६५७७५.०० लाग्ने उल्लेख गरेको देखिन्छ । तालिम संचालन प्रतिवेदन अनुसार ८० जनाको सहभागी रहेको उल्लेख गरेबाट प्रस्तावित कार्यक्रम अनुसार प्रति सहभागी रु. १८४१.९४ ले ८० जनाको रु. १४७३५५.५५ मात्र खर्च हुने हुनाले बढी खर्च देखाएको रु. १५३९४.४४ असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,३९४.४४ |

४८ **कृषि यान्त्रीकरणः-**

स्वीकृत वार्षिक कार्यक्रम अनुसार आधुनिक कृषि मेशिनरी तथा औजार कार्यक्रममा मिनिटिलर, कनाइन राइस मिल लगायतका कृषि यन्त्र उपकरण खरिद अर्न्तगत मिनिटिलर १३ वटाको रु. ८२७०००.००(लाभग्राही योगदान समेत) कुटानी पिसानी, विद्युतिय स्प्रे लगायतका १६ वटाको रु. ५७४८५०.००समेत जम्मा रु. १४०१८५०.०० मूल्य बराबरको सामानहरु कार्यालय र लाभग्राहीको समेत सहभागीबाट कृषकहरुले विभिन्न कम्पनि /फर्महरुबाट खरिद गरि ल्याएको विलको आधारमा ५० प्रतिशतले हुने रु. ६७९३००.०० (खरिद विल कम हुँदा सोही अनुसार) कार्यालयले खर्च गरेको देखिन्छ । उक्त परिमाण एवं प्रकारका सामग्रीहरु खरिद गर्नको लागी स्पेशिफिकेसन स्वीकृत गरी सोही अनुसारका सामान कृषक समूह समेतको सहभागीतामा लागत अनुमान एवं स्पेशिफिकेसन तयार गरी कार्यालयले खरिद एवं गुणस्तर प्रमाणित गरि भुक्तानी दिने गर्नुपर्ने देखिन्छ । कार्यालयको ५० प्रतिशत लागत रहने र कृषकले समेत आफ्नो लागतको प्राविधिकले प्रमाणित गरेको सामग्री प्राप्त हुने हुनाले र खरिद कार्य मितव्ययी एवं प्रतिस्पर्धि हुने गरी खरिद गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६,७९,३०० |

४९ **विद्यालय भौतिक पूर्वाधार निर्माण-**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । पवित्रा मा.वि लाई छात्राबास भवन निर्माणको लागी रु.

८३,८७,५६८.६४ निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८३,८७,५६८.६४ |

## ५० शिक्षक दरवन्दी र पदपूर्तिः-

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका 34 सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क.स | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | भानु मा.वि. | २० | १७ | ३ | ४२९ |
| २ | पवित्रा मा.वि. | २२ | १९ | १ | ९५१ |
| ३ | अरुण मा.वि. | १४ | ११ | २ | १२५ |
| ४ | कालिका माध्यमिक विद्यालय | १३ | १० | १ | १६८ |
| ५ | सरस्वती आधारभुत विद्यालय | ४ | ४ | १ | ३३ |
| ६ | जनजागृतीआधारभुत विद्यालय | ३ | २ | ० | ३८ |
| ७ | चामुण्डाआधारभुत विद्यालय | २ | १ | ० | ३७ |
| ८ | तामुङआधारभुत विद्यालय | १ | १ | - | १६ |
| ९ | दिलआधारभुत विद्यालय | ५ | ५ | ० | ६४ |
| १० | सिद्धदेवीआधारभुत विद्यालय | २ | २ | - | १६ |
| ११ | सुनिता आधारभुत विद्यालय | २ | २ | ० | २३ |
| १२ | शान्ती आधारभुत विद्यालय | ४ | ४ | ० | ७६ |
| १३ | विष्णु मा वि | १४ | १२ | ० | २६८ |
| १४ | सेती गँगा आधारभुत विद्यालय | ६ | ५ | - | ५४ |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | जनता आधारभुत विद्यालय | ४ | ३ | ० | ४९ |
| १६ | पदमा आधारभुत विद्यालय | ४ | ४ | ० | ४७ |
| १७ | त्रिभुवन आधारभुत विद्यालय | ३ | ३ | - | ३५ |
| १८ | आँधिबराहीआधारभुत विद्यालय | ४ | ४ | ० | ५४ |
| १९ | कालिका आधारभुत विद्यालय | २ | २ | ० | १७ |
| २० | जय नेपाल आधारभुत विद्यालय | २ | २ | ० | ११ |
| २१ | शिवशत्ति आधारभुत विद्यालय | २ | २ | १ | २३ |
| २२ | दिपज्वति बालविकास केन्द्र | ० | ० | - | १२ |
| २३ | भैरव आधारभुत विद्यालय | २ | २ | | ३४ |
| २४ | भंगेरी आधारभुत विद्यालय | २ | २ | ० | ४३ |
| २५ | ज्योति आधारभुत विद्यालय | २ | २ | २ | ३३ |
| २६ | शिव मा.वि | १२ | १२ | १ | १४८ |
| २७ | चन्द्रोदय आ.वि | ८ | ६ | ३ | १११ |
| २८ | जगदिश्वर आ.वि | ९ | ७ | - | १२८ |
| २९ | देउराली आ.वि | ४ | ४ | - | ४५ |
| ३० | झारगाऊ आ.वि | ३ | ३ | ० | २९ |
| ३१ | जलदेवी आ.वि | ४ | ४ | १ | ३७ |
| ३२ | उदय आ.वि | ३ | २ | १ | २३ |
| ३३ | त्रिभुवन आ.वि | ३ | ३ | ० | ३५ |
| ३४ | हिमचुली बालविकास केन्द्र | ० | ० | | १२ |

| सैद्धान्तिक बेरुजु |
|---|

## ५१ निःशुल्क पाठ्यपुस्तकको वढि भुक्तानीः -

सामुदायिक विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने नीति अनुसार विद्यालयलाई खरिद पाठ्यपुस्तक विपतको रकम पालिकाले निकासा गरेको हुन्छ । निम्न बमोजमिमका विद्यालयहरुलाई निकासा दिएको भन्दा पाठ्यपुस्तकको भर्पाई घटी भएकोले वढी निकासा रकम विद्यालयबाट फिर्ता लिई बेरुजु दाखिला गर्नुपर्ने रु.

| विद्यालयको नाम | निकासा रकम | विल भर्पाई अनुसार खर्च | वढी निकासा |
|---|---|---|---|
| आँधिवाराही प्रा.वि | १६४००.०० | १४२००.०० | २२००.०० |
| त्रिभुवन प्रा.वि | ३६००.०० | ३२००.०० | ४००.०० |
| जपनेपाल प्रा.वि | १६००.०० | १२००.०० | ४००.०० |
| उदप प्रा.वि | २८००.०० | २०००.०० | ८००.०० |
| भैरव प्रा.वि | १०३००.०० | २४००.०० | ७९००.०० |
| सिद्धदेव प्रा.वि | ४१००.०० | ४०००.०० | १००.०० |
| भँगेरी प्रा.वि | ४८००.०० | ४४००.०० | ४००.०० |
| भानु मा.वि | ५५२००.०० | ५३२००.०० | २०००.०० |
| पवित्रा मा.वि | ९१२००.०० | ८२४००.०० | ८८००.०० |
| जम्मा | १९००००.०० | १६७०००.०० | २३०००.०० |

| असुल गर्नुपर्ने | २३,००० |
|---|---|

## ५२ कर दाखिलाः-

भौ.नं. २७६ मिति २०८०।०३।२१ बाट शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट नमुना विद्यालयको रुपमा छनौट भएको र आ.व. २०७९।०८० मा नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वयन अनुदान शिर्षकमा रु. ५००००००.०० बजेट व्यवस्था भएकोमा पवित्रा मा.वि. लाई रु. ४९८५०००.०० निकासा गरेकोमा सो खर्चको पालिकामा पेश भएको विल भर्पाईको आधारमा २०८० बैशाख ४ मा कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरुको मूल्याङ्कन तालिममा सहभागी हुने शिक्षकहरुलाई २५ जनाको रु. ७००.०० का दरले १ दिनको भत्ता भुक्तानी गर्दा रु. १७५००.०० मा १५ प्रतिशतले हुने रु. २६२५.०० कक्षा ४ देखि १० को मूल्याङ्कन तालीममा सहभागी हुने शिक्षकको २०८०।०१।०५ को २७ जनाको रु. ७००.०० का दरले १ दिनको रु. १८९००.०० को १५ प्रतिशतले हुने रु. २८३५.०० बालविकास देखि कक्षा ५ सम्मको अध्यापन गर्नुहुने शिक्षकहरुलाई ३ दिनको १२ सेसनकको रु. ३००००.०० मा कर कट्टी गरेको रु. ४५००.००, बाल विकास

देखि कक्षा ५ सम्म अध्यापन गराउनुहुने शिक्षकको मन्टेश्वरी तालीम १३ जनालाई ३ दिनको रु. ७००.०० का दरले २७३००.०० को कर कट्टा गरेको रु. ४०९५.०० सोही कक्षाका कक्षा ५ सम्म अध्यापन गराउनु हुने शिक्षकको मन्टेश्वरी तालिमको ११ जनाको ३ दिनको रु. ७००.०० का दरले रु. २३१००.०० को रु. ३४६५.००, कक्षा ११ र १२ मा अध्ययन गराउनु हुने २१ जना को १ दिनको रु. ७००.०० का दरले रु. १४७००.०० को रु.२२०५.०० र प्रशिक्षक रविन्द्र आचार्यको १३५००.०० मा कर कट्टा गरेको रु. २०२५.०० समेत रु. २१७५०.०० कर दाखिला गरेको प्रमाण विद्यालयबाट प्राप्त गर्नुपर्ने रु. २१७५०.००

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,७५० |

## ५३ गत वर्षको भुक्तानीः-

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ३९( १३) मा चालु वर्षको बजेटले नखेमको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न विल भरपाई बमोजिमको भुक्तानी आगामी वर्ष गर्न सक्ने व्यवस्था छ कार्यालयले गत वर्षको औषधि खरिद गरेबापत हिमसागर मेडिकल हल प्रा.लि.लाई भौ.नं. ९ मिति २०७९।०७।२४ बाट रु. १९८४०५१.२० भुक्तानी गरेकोमा गत वर्षको भुक्तानी बाँकीको कच्चावारी प्रमाणित वेगर भुक्तानी गरेको गरेको देखियो । उक्त खर्च सोहि वर्षमा खर्च नगरी यस आ.व.मा गरेको र नियम ३९ (१५) मा तोकिएको खर्च शिर्षक तथा प्रयोजन बाहेक औषधि खरिदको लागी रु. १९८४०५१.२० खर्च गरेकोले नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १९,८४,०५१.२ |

## ५४ विल भरपाई वेगर भुक्तानीः-

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ३९( ५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा सोही नियमावलीको नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्ने वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले गो.भौ.नं.८३०।२०८०।०३।१९ बाट २७२१२ विपद व्यवस्थापन शिर्षक अन्तर्गत कोटेशन मार्फत न्यून दररेटका यस गण्डकी जि.आई वायर एण्ड मेटल इण्ड्रष्ट्रिज प्रा.लि. बाट निम्नानुसार रु.७,७६,३०८.०० को तारजाली खरिद गरी भुक्तानी दिएको देखियो । उक्त तारजाली के कुन प्रयोजनका लागी तारजाली खरिद गर्नुपरेको हो सो को पुष्ट्याइ हुने प्राविधिक विल एवं नापी किताब पेश हुनुपर्ने रु.

| तारजाली | परिमाण | दर | रकम रु. |
|---|---|---|---|
| Heavy Coated Machine Made Gabion Box (2*1*1) 115 | १२६५ | ३११ | ३९३४१५.०० |
| Heavy Coated Machine Made Gabion Box (1.5 *1*1) 118 | ९४४ | ३११ | २९३५८४.०० |
| जम्मा रु. | | | ६८६९९९.०० |

| | | | |
|---|---|---|---|
| मू.क.कर १३ प्रतिशत | | | ८९३०९.०० |
| मू.क.कर समेत जम्मा रु. | | | ७७६३०८.०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,७६,३०८ |

## ५५ घटी छुटः-

गोरखापत्र संस्थानद्वारा जारी विज्ञापन संङ्कलन, प्रकाशन एवं विज्ञापन एजेन्सी सम्बन्धी निर्देशिका २०५३ बमोजिम संस्थानका प्रकाशनहरुमा विज्ञापन प्रकाशन गरे बापत २५% संस्थागत छुट सरकारी तथा निजी क्षेत्रका सम्पूर्ण कार्यालयलाई उपलब्ध हुने उल्लेख छ । बन्दीपुर गाउँपालिकाले यस आर्थिक वर्षमा पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन खर्च (२२३१५) मा रु. २० लाख बजेट विनियोजन भएकोमा रु. १८९८५९५.०० बिभिन्न पत्रपत्रिका तथा संञ्चार माध्याम मार्फत पत्रपत्रिका छपाई तथा सुचना प्रकाशनमा खर्च गरेको देखिन्छ । नमुना छनौटको आधारमा हेर्दा सूचना तथा विज्ञापन प्रकाशन गरेवापत कुनै संञ्चार माध्यामबाट २५% छुट, कुनै संञ्चार माध्यामबाट १५% छुट, कुनै संञ्चार माध्यामबाट छुट नै नलिएको देखिन्छ । सरकारी विज्ञापनमा छुट दिने प्रकाशनको नीतिगत व्यवस्था अनुसार २५% छुट लिई सूचना प्रकाशन गर्नुपर्नेमा छुट सहुलियत नै नलिई साथै कम छुट लिई सूचना प्रकाशन गर्दा गाउँपालिकालाई थप आर्थिक भार पर्न गएको देखिन्छ । गाउँपालिकाले सूचना तथा विज्ञापन प्रकासन गर्दा छुट सहुलियत प्राप्त हुने साथै लागत न्यूनतम पर्ने प्रकाशनबाट सूचना प्रकाशन गर्नेतर्फ ध्यान दिनुपर्दछ । केही उदाहरणहरु निम्नानुसार रहेका छन्ः-

| भौ.नं र मिति | संचार माध्यमको नाम | विवरण | लागत | छुट प्रतिशत | भुक्तानी रु. |
|---|---|---|---|---|---|
| २६०-२०७९।०८।१७ | देश दर्पन साप्ताहिक | विज्ञापन तथा सुचना प्रकाशन | ११०००.०० | ०.०० | ११०००.०० |
| ४१०-२०७९।११।१८ | बन्दिपुर एफ.एम | विज्ञापन तथा सुचना प्रकाशन | ६००००.०० | ०.०० | ६००००.०० |
| | पावर एफ एम | विज्ञापन तथा सुचना प्रकाशन | ६००००.०० | ०.०० | ६००००.०० |
| | छिम्केश्वरी एफ एम | विज्ञापन तथा सुचना प्रकाशन | ६००००.०० | ०.०० | ६००००.०० |
| ५९५-२०८०।०१।२९ | ढोरपाटन मिडिया | विज्ञापन तथा सुचना प्रकाशन | २५०००.०० | ३.९५ | २४०१३.०० |
| ५९५-२०८०।०१।२९ | ढोरपाटन मिडिया | विज्ञापन तथा सुचना प्रकाशन | ३६०००.०० | ३.९५ | ३४५७८.०० |
| ५९५-२०८०।०१।२९ | स्टार एड्भरटाइजिङ | विज्ञापन तथा सुचना प्रकाशन | ६७५००.०० | ३.९५ | ६४८३३.०० |
| ७७७-२०८०।०३।१४ | दमौली मिडिया | विज्ञापन तथा सुचना प्रकाशन | ३४०००.०० | ०.०० | ३४०००.०० |

५६ **गरिब जेहेन्दार शैक्षिक छात्रवृत्तिः-**

पालिकाले गरिब जेहेन्दार शैक्षिक छात्रवृत्ति वितरण गर्ने आधार र प्रमाणको आधार तय गरि खर्च लेख्नुपर्दछ । गो.भौ.नं. ७९४ मिति २०८०।०३।१५ बाट गरिब जेहेन्दार शैक्षिक छात्रवृत्ति छविलाल लामिछानेलाई प्राविधिक शिक्षालयको चलानी नं ४१९२ मिति २०८०।०२।१६ को विलानुसार रु. ३५०००.०० भुक्तानी दिएको देखियो । यस सम्बन्धमा भएका निर्णय, छात्रवृत्ति प्रदान गर्दा भएका सम्झौता जस्ता पुष्ट्याई हुने प्रमाण र उक्त भुक्तानी दिन मिल्ने आधार प्रमाण बेगर भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३५,००० |

५७ **बाँसबाट मुढा बनाउने तालिमः-**

गो.भौ.नं ७५१ मिति २०८०।०३।१२ बाट वडा नं ६ मा बाँसबाट मुढा बनाउने सम्बन्धि मिति २०८०।०२।२३ देखि आषाढ ५ गते सम्म संचालित १५ दिने मुढा बनाउने कार्यका लागी रु.७००००.०० को डोरी बाँस, पुरानो टायर लगायतका सामान खरिद गरेको र ३००००.०० सहभागी र प्रशिक्षक भत्ता बापत खर्च लेखेको देखियो । उक्त रु. १ लाख खर्च बाट कति थान मुढा तयार भए के कति तालिमको उपलब्धी भयो सो को प्रभावकारीता र औचित्यको बारेमा यथार्थ चित्रण गर्ने प्रमाण राखेको देखियन तसर्थ उक्त तालिमको प्रगति सम्बन्धमा विश्वस्त हुन सकिने अवस्था रहेन । आगामी दिनमा यस्ता प्रकृतिका तालिम संचालनबाट भएको प्रगति र उपलब्धी समेतको हर हिसाब तयार गर्नुपर्दछ ।

५८ **बढी भुक्तानीः-**

गो.भौ.नं ९२३-२०८०।३।२४ बाट ब्रोड ब्रोडकाष्टिङ कम्पनी प्रा.लि लाई सम्झौता र विल रु. २४९००००.०० भएकोमा रु. २५००००.० भुक्तानी गरेकोले बढी भुक्तानी असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००० |

५९ **विविध खर्चः-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध कार्यक्रममा खर्च, सभा संचालन खर्च, पत्रपत्रिका छपाई, खाना खाजा लगायतका विभिन्न कार्यक्रममा खर्च गरेको छ । यस्ता खर्च नियन्त्रण सम्बन्धमा गत विगतका प्रतिवेदनमा समेत व्यहोरा औल्याइएकोमा सुधार भएको देखिंदैन । चालु खर्च मितव्ययी ढङ्गले गर्नुपर्दछ । वित्तिय समानीकरणमा प्राप्त रकम स्थानीय स्रोत साधनको प्रयोग हुने, रोजगारी सिर्जना हुने कार्यक्रम खर्च गर्नुपर्नेमा अनुत्पादक, वितरणमुखी, प्रतिफल नदेखिने कार्यमा खर्च गर्दा मितव्ययी हुने गरी खर्च गर्नुपर्दछ । केही उदाहरणहरु निम्नानुसार रहेका छन्:-

| भौ.नं र मिति | खर्च विवरण | खर्च रकम रु. |
|---|---|---|
| १८-०५।१९ | मगर भिलेज होटल एण्ड रेष्टुरेन्ट खाजा खाना बापत | ३४१४८.०० |
| २६८-०९।२१ | खाना खाजा लगायतका खर्च | ६२९८१.०० |
| २९१-१०।०४ | सभा संचालन खर्च | २७०००.०० |
| ३४०-१०।२० | सभा संचालन खर्च | २२८००.०० |
| ३६७-११।०३ | विविध खर्च | ४३८६०.०० |
| ७३९-३।११ | पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन | ३९३७०.०० |

यस सम्बन्धमा छलफल गर्दा मितव्ययी ढङ्गले खर्च गरिने जवाफ दिएको छ ।

## ६० प्रधानमन्त्री रोजगार कार्यक्रम; -

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत २,३,४,५ र ६नम्बर वडाहरुमा १२ वटा.योजना सञ्चालन गरी यस वर्ष ५४ जनालाई औसत ७९ दिनले ४२३०.५ दिन रोजगारी उपलव्ध गराई रु.२६१७६९२.00 श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

## ६१ सामाजिक सुरक्षा भत्ता बढी निकासाः-

सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १३ मा सामाजिक सुरक्षा पाउने व्यक्तिको मृत्यू भएमा उक्त लाभग्राहीलाई भत्ता पाउने सूचीबाट हटाई मृत्यू भएको दिनदेखि भत्ता दिन रोक्नुपर्ने व्यवस्था छ ।पालिका भित्रका निम्न वडाहरुको परीक्षण गर्दा पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी मृत्यू भइसकेका लाभग्राहीको खातामा रकम निकासा गर्ने गरेको पाइयो ।पालिकाले अन्य वडाहरुको पनि छानवीन गरी मृत्यू भएका तथा लगत कट्टा भएरपनि बैक खातामा रकम जम्मा भएका व्यक्तिको विवरण भिडान गरी रु.१६८,७९९.०० बढी निकासा भए बैंक बाट फिर्ता भए नभएको यकिन गरी नभएको भए संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रुकम रु.

| क्र.स. | लाभग्राहीको नाम | वडा नं | मृत्यु मिति | बढी बुझेको रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | राज लाल गुरूङ्ग | ६ | २०७९।९।१५ | १२०००.०० |
| २ | हिरा दर्जी | ६ | २०७९।५।०१ | २००००.०० |
| ३ | छोना गुरुङ्ग | ६ | २०८०।१।१२ | ९८००.०० |
| ४ | धन बहादुर मगर | ४ | २०७९।४।२६ | २०५३३.०० |
| ५ | दिल बहादुर थपा | ४ | २०७९।०६।०५ | ३३३३.०० |
| ६ | छली माया परियार | ४ | २०७९।०६।२३ | १२९३३.०० |
| ७ | महावीर गुरुङ्ग | ४ | २०७९।५।१२ | ६४००.०० |
| ८ | कृष्णा वा सार्की | ४ | २०७९।०६।१५ | १७०००.०० |
| ९ | सोम बहादुर भुजेल | २ | २०७९।०५।२८ | १२८००.०० |
| १० | राज कुमारी प्रधान | २ | २०७९।०९।२१ | ३६००.०० |
| ११ | लिल बहादुर खत्री | २ | २०७९।१०।२६ | २५६००.०० |
| १२ | मन माँया गुरुङ्ग | २ | २०७९।११।०८ | १६८००.०० |
| १३ | चित्त माया नेपाली | २ | २०८०।०३।१० | ८०००.०० |
| | | जम्मा रु. | | १,६८,७९९.०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६८,७९९ |

६२ **फिल्ड भत्ताः-**

चालु प्रकृतिका खर्च मितव्ययी ढङ्गले खर्च गर्नुपर्दछ । पालिकाले कार्यपालिकाको निर्णय अनुसार उल्लेख गरी निम्नानुसार कर्मचारीहरुलाई मासिक रुपमा छैठौं तहको कर्मचारीलाई रु १०,०००।-, पाचौं तहका कर्मचारीहरुलाई रु ८,०००।— र चौथो तहका कर्मचारीहरुलाई रु ७,०००।— र सवारी चालकलाई रु. ७०००.०० का दरले फिल्ड भत्ता उपलब्ध गराइएको छ । भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, वैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता लिन नपाउने व्यवस्था छ । कार्यपालिकाको निर्णय लेखापरीक्षणको क्रममा पेश भएन । कार्यालयले भ्रमण अभिलेख राखेको छैन । भ्रमण भत्ता बुझेको अवधि एकिन गरी भ्रमण अवधि भरको नपाउने फिल्ड भत्ता असुल गर्नुपर्दछ । कार्यालयमा कार्यरत देहायका १६ जना कर्मचारीहरुलाई रु. १०४९०००.०० फिल्ड भत्ता भुक्तानी दिएको छ । यसबाट फिल्ड भत्ता बुझेको कर्मचारीले भ्रमणमा खटिएको अवधिमा भत्ता बुझे नबुझेको सम्बन्धमा कार्यालयले एकिन गर्नुपर्दछ ।साथै दोहोरो नपर्ने गरी खर्च व्यवस्थापन एवं आन्तरिक नियन्त्रण व्यवस्था मिलाउनुपर्दछ ।

| गो.भौ.नं | कर्मचारीको नाम, पद | महिना | दर | मासिक फिल्ड भत्ता रु. |
|---|---|---|---|---|
| २५३, २८२, ५११, ७८४ बाट | ईन्जिनियर श्री सन्तोष थापा | १२ | १००००.०० | १२००००.०० |
| | स.ब.ई श्री खगेन्द्र खवास | ६ | ८०००.०० | ४८०००.०० |
| | स.ब.ई श्री खुश्बु ठाकुर | १२ | ८०००.०० | ९६०००.०० |
| | स.ब.ई श्री सोविता श्रेष्ठ | २ | ८०००.०० | १६०००.०० |
| | स.ब.ई श्री संजित कुमार साह | १२ | ८०००.०० | ९६०००.०० |
| | खापासटे पाँचौ श्री नेत्र प्रसाद लामिछाने | १२ | ८०००.०० | ९६०००.०० |
| | स.ब.ई श्री आयुष तिवारी | ३ | ८०००.०० | २४०००.०० |
| | असिष्टेण्ट सब ईन्जिनियर श्री रजनी थापा | ३ | ७०००.०० | २१०००.०० |
| | असिष्टेण्ट सब ईन्जिनियर श्री सर्मिला थापामगर | ५ | ७०००.०० | ३५०००.०० |
| | असिष्टेण्ट सब ईन्जिनियर श्री अजय कुमार पण्डित | २ | ७०००.०० | १४०००.०० |
| | असिष्टेण्ट सब ईन्जिनियर दिल बहादुर मगर | १२ | ७०००.०० | ८४०००.०० |
| | असिष्टेण्ट सब ईन्जिनियर दिपक महत्तो | १२ | ७०००.०० | ८४०००.०० |
| | असिष्टेण्ट सब ईन्जिनियर सो बहादुर मगर थापा | १२ | ७०००.०० | ८४०००.०० |
| | सवारी चालक श्री बुद्धि बहादुर मगर | ११ | ७०००.०० | ७७०००.०० |
| | सवारी चालक श्री नारद पाटा मगर | ११ | ७०००.०० | ७७०००.०० |
| | सवारी चालक श्री मिलन पुलामी | ११ | ७०००.०० | ७७०००.०० |
| | जम्मा रु. | | | १०४९०००.०० |

## ६३ शिर्षक फरक पारी खर्चः-

एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ मा खर्च शिर्षक उल्लेख गरेको र सोहीअनुसार खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले खर्च शिर्षक फरक पारी खर्च गरेको कारण देहाय अनुसारको रकम फरक परेको छ । शिर्षक फरक पारी खर्च गर्नु वित्तीय अनुशासनको उल्लङ्घन गर्नु हो। यस सम्वन्धमा छलफल गर्दा पालिकाले वजेट वनाउदा करार सेवामा रकम नराखी पारिश्रमिक कर्मचारी शिर्षकमा नै करारका कर्मचारीको लागि वजेट ,राख्दा उक्त शिर्षकवाट नै तलव भुक्तानी गर्नुपरेको कार्यालयले रु. १,४१,५८,१४४.०० खर्च भएको कार्यालयले जवाफ दिएको छ। यस सम्बन्धमा गत विगतका प्रतिवेदनमा समेत वेरुजू

औल्याइएकोमा सुधार भएको छैन । वजेट तर्जुमा क्रममा विशेष ध्यान दिइ खर्च शिर्षक मिल्ने गरी बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्नुपर्दछ ।

| भौ.नं | खर्चको व्यहोरा | खर्च गर्नुपर्ने शिर्षकको नाम | खर्च गरेको शिर्षकको नाम | खर्च रकम |
|---|---|---|---|---|
| विभिन्न ५३ वटा भौचरबाट | करार सेवाका सबै कर्मचारीको पारिश्रमिक | करार सेवा शुल्क | कर्मचारी पारिश्रमिक | १४०८९९५४.०० |
| ३४५ | सुचना प्रकाशन | पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन | मसलन्द तथा कार्यालय सामाग्री | १३६९०.०० |
| ५३६ | सुचना प्रकाशन | पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन | मसलन्द तथा कार्यालय सामाग्री | १२४३०.०० |
| ७३९ | विविध खर्च अतिथी सत्कार | विविध खर्च | पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन | ३९३७०.०० |
| | | जम्मा | | १४१५८१४४.०० |

६४ **महङ्गी भत्ताः-**

नेपाल सरकार अर्थ मन्त्रालयको प.सं. ३६५ च.नं १७१९ बाट विभिन्न निकायको स्वीकृत दरबन्दीमा करारमा कार्यरत कर्मारीहरुलाई मासिक रुपमा महङ्गी भत्ता दिने कुनै पनि कानूनी व्यवस्था नभएकोले करारमा कार्यरत कर्मचारीहरुलाई महङ्गी भत्ता नदिने निर्णय गरी परिपत्र गरेको छ । संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले करार कर्मचारीलाई महङ्गी भत्ता नदिने सम्बन्धमा पटक पटक पत्राचार गरेको छ । गाउँपालिका अन्तर्गत करार कर्मचारीलाई महङ्गी भत्ता उपलब्ध गराउने कुनै मापदण्ड तथा कानुन रहेको देखिदैन । यस पालिकाले १ जना करारका कर्मचारी श्री मनोज बराललाई महङ्गी भत्ता बापत प्रति महिना रु. २०००.०० का दरले वार्षिक रु. २४०००.०० उपलब्ध गराएको देखिन्छ । जिल्ला समन्वय समितिको च.नं ५४ मिति २०७५।०४।१७ को पत्रानुसार निज कर्मचारीले नियमानुसार पाउने महङ्गी भत्ता उपलब्ध गराउन सकिने जानकारी पत्र बन्दिपुर गाउँपालिकालाई उपलब्ध गराएको छ । अर्थमन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र अनुसार महङ्गी भत्ता वापतको १२ महिनाको प्रति महिना रु. २०००.०० का दरले भुक्तानी दिएको रु. २४०००.०० दिन मिल्ने आधार नदेखिएकोले असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,००० |

६५ **पारीश्रमिक करः-**

आयकर ऐन २०५८ को दफा ८७ (१) मा प्रत्येक बासिन्दा रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा अनुसूची १ बमोजिमको दरले हुने कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा प्रमुख प्रशासकिय अधिकृत श्री नन्दलाल शर्माको वार्षिक आय रु. ८०३९०९.०० मा कट्टी रु. १७४९१२.०० पश्चात करयोग्य आय रु. ६२८९९७.०० मा छ लाख रुपैयाँ वार्षिक आयमा १

प्रतिशत र तत् पश्चात थप २ लाख मा १० प्रतिशत पारीश्रमिक कर कट्टी गर्नुपर्नेमा १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टी गरेकोले बाँकी रु. २८९९७.०० को १० प्रतिशले हुने रु.२९००.०० पारीश्रमिक कर असुल असुल गर्नुपर्ने रु.

| नाम | वार्षिक आय | कट्टी रकम रु. | करयोग्य आय | लाग्ने कर | तिरेको पा.क. | तिर्न बाँकि कर |
|---|---|---|---|---|---|---|
| श्री नन्दलाल शर्मा | ८०३९०९.०० | १७४९१२.०० | ६२८९९७.०० | २८९९.७० | ०.०० | २९००.०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,९०० |

६६ **अन्य आर्थिक सहायताः-**

सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ। साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ। पालिकाले अन्य आर्थिक सहायता (२७२१९) को यस आ.व मा कार्यविधि तयार नगरी पालिकाको चालु खर्चतर्फ रु. १० लाख २५ हजार बजेट विनियोजन भएकोमा विभिन्न भौचरवाट रु.७ लाख २० हजार ३८७ अन्य आर्थिक सहायता वितरण गरेको देखियो। यस्ता प्रकृतिको आर्थिक सहायता वितरण गर्नुपुर्व आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको, तोकादेशमा भुक्तानी दिने गरेको देखियो । पालिकाले ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण, आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन ।उत्पादनशील क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ।

| **गो.भौ.नं र मिति** | **विरामी तथा रकम बुझिलिनेको नाम** | **रोगको नाम** | **आर्थिक सहायता रकम रु.** |
|---|---|---|---|
| ७२-०६।०९ | गोरखकाली युवा क्लव | भलिबल र तीज गीत प्रतियोगिता | १५०००.०० |
| २०७-०८।२० | कोलमाया सार्की र सम्भुलाल थापा | घरको छाना उडाएका (२०००० का दरले) | ४००००.०० |
| ३३१-१०।१७ | मिलिजुली युवा क्लब | पुरुष भलिबल तथा पुस १५ लोसार २०७९ पौष १८ गते को निर्णय नं. १७ (२) | ४००००.०० |
| ३७०-१०।१७ | शिला देवी कुवर (अध्यक्षको तोकादेशमा) | बाँया कानमा नसा फुलिएको | १५०००.०० |
| ३८४-११।१६ | सागर गिरी प्रेस सल्लाहकार | सवारी दुर्घटना कार्यपालिकाको मिति २०७९।१०।१७ को निर्णय नं १२ | ५००००.०० |
| ३९३-११।१७ | छपेली साँस्कृतिक युवाक्लब | आठौं छपेली कप अध्यक्षज्यूको तोंकादेशमा | ५००००.०० |

| | | | |
|---|---|---|---|
| ४५६-१२।०१ | रेशम बहादुर गुरुङ | सुगर खुट्टामा घाउ २०७९।१०।१७ को निर्णय | २५०००.०० |

६७ **कर्मचारी खाजा खानाः-**

चालु प्रकृतिका खर्च, खर्च गर्ने आधार प्रमाणको अधिनमा रहि मितव्ययी ढङ्गले खर्च गर्नुपर्दछ । पालिकाले गो.भौ.नं ७१४ मिति २०८०।०३।१४ बाट पालिकामा कार्यरत कर्मचारीलाई मासिक २०००.०० का दरले कर्मचारी खाजा खर्च लेखेको देखियो । विविध खर्च अर्न्तगत खाजा तथा खानामा खर्च गरेको अवस्थामा पुनः कर्मचारी खाजा खर्च बापत मासिक रुपमा खाजा खर्च भुक्तानी दिएको देखियो । यस सम्बन्धमा छलफल गर्दा कार्यालयको अतिरिक्त समयमा कार्य गर्ने कर्मचारीहरुलाई मासिक रुपमा रु २०००.०० का दरले उपस्थित भएको दिनमा भुक्तानी दिएको पालिकाले जानकारी गराएको छ । अतिरिक्त समयमा काम गरेको कामकव विवरण प्रमाणित बेगर खर्च गर्न मिल्ने देखिँदैन । पालिकाले विकास निर्माणका कार्यमा बजेट विनियोजन गरी खर्च गर्नुपर्नेमा चालु प्रकृतिका खर्चमा जोड दिएको देखियो ।आन्तरिक आय न्यून रहेको अवस्थामा पालिकाका विभिन्न कर्मचारीलाई खाजा तथा खानामा खर्च गरेको देखिन्छ। यस प्रकृतिका खर्च नियन्त्रण देखिएको छ ।

६८ **खाजा तथा खाना खर्चः-**

बन्दिपुर गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८०।०१।१८ को निर्णानुसार भुमिहिन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि २०७८ को दफा ५ बमोजिम कार्य गर्न अनसुचि १ क बमोजिम यस गाउँपालिकाले तथ्याङ्क प्रविष्ठी र रुजु गर्ने कार्यमा कार्यालय समय बाहेक विहान बेलुका काममा खटिने कर्मचारीहरुलाई प्रति फाराम रु.१००.०० का दरले खाना खाजा खर्च उपलब्ध गराउने व्यवस्था गरेको छ । निम्नानुसारका रुजू गर्ने कर्मचारिहरुको ४०५४५.०० भुक्तानी गरेको देखियो । कार्यालयसँग छलफल गर्दा हालसम्म पनि भुमि आयोगको www.nlc.gov.np वेयभसाइटमा उक्त तथ्याङ्क प्रविष्ठी गर्ने कार्य चलिरहेको तर रुजु गर्ने कार्य नगर्ने भनि भूमि आयोगले स्थगित गरेको अवस्थामा रुजु गरेको भनि विवरण पेश गरी रुजू गरे बापतको खाजा खाना भत्ता बापत कर्मचारीलाई दिएको खाजा तथा खाना बापतको खर्च १५ प्रतिशत कर कट्टी बाहेक असुल गर्नुपर्ने रु.

| गो.भौ.नं र मिति | रुजू गरेको जनाउने कर्मचारीको नाम | रुजू जनाएको सङ्या | प्रति दर | भुक्तानी रु. | कर कट्टी बाहेकको रकम रु |
|---|---|---|---|---|---|
| ६८०-०८०।०२।३० | केशव डाँगी | १३० | १००.०० | १३०००.०० | ११०५०.०० |
| ७०८-०८०।०३।०३ | सुनिल पाण्डे (काजमा आएको ) | ८० | १००.०० | ८०००.०० | ६८००.०० |
| | केशव डाँगी | २६७ | १००.०० | २६७००.०० | २२६९५.०० |
| | | जम्मा रु. | | १०३१००.०० | ४०५४५.०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,५४५ |

६९ **स्कुटर खरिदः-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५क मा सार्वजनिक निकायले खरिद गरिने मालवस्तुको स्पेशिफिकेशन तयार गरी स्वीकृत गराउनुपर्ने व्यवस्था छ ।पालिकाले लागत अनुमान तयार गर्दा रु ३००००० मुल्य भित्र पर्ने ११३ cc सम्म scooter खरिद गर्ने भनी स्पेशिफिकेशन तयार गरी कोटेशन माग गरेकोमा सिताज लाईफस्टाइल ले रु ३६९६७७, कुँवर मोटर साइकल पार्टस ले रु ३७३९५१ तथा डिलाइट लाईफस्टाईलले रु ३७३५११ मूल्यको कुनै पनि ब्राण्ड नखुलाई कोटेशन पेश गरेको तथा पालिकाले पनि स्पेशिफिकेशन विपरित सिताज लाईफस्टाइल बाट १२५ cc vespa scooter sxl brand को खरिद गरी प्रतिलिपि विजकको आधारमा गो भै नं ४४।२०७९।९।२४ बाट मु.अ.कर सहित रु ३५५९४६ भुक्तानी भएको ।सावारी साधन खरिद गर्दा आधिकारिक विक्रेताबाट क्याटलग सपिङ्ग विधि प्रयोग गरी स्पेशिफिकेशन अनुरुप खरिद गर्नु पर्दछ ।

७० **पाइप वितरणः-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ३९( ५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा सोही नियमावलीको नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्ने वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले गो.भौ.नं ८५७ मिति २०८०।०३।२० बाट ढकाल हार्डवेयर एण्ड सप्लायर्सको बिल नं ७०९ मिति २०८०।०३।२० को रु. ९९७४६.०० २५ एम एम HDPE पाइप दाखिला नं २६२, २०८०।०३।२० मा भए अनुसारको पाइप रु. ९९७४६.७९ को २५ MM को १०५० मिटर पाइप रु. ६२.८३ का दरले रु. ६५९७१.५० र ३ HP मोटर रु. २२३०० समेत रु. ८८२७१.५० मा मू.अ.कर समेत रु. ९९७४६.७९ को पाइप र मोटर वितरण गरेको प्राविधिक पुष्ट्याई समेतका प्रमाण कागजात र वितरण भरपाई पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९९,७४६.७९ |

७१ **हस्तान्तरण नहुने निर्माण/मर्मत कार्य उपभोक्ताबाट गराएकोः-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम निर्माण पश्चातको स्वामित्व हुने, मर्मत सम्भारको जिम्मा उपभोक्ता समितिलाई दिने, निर्माण, मर्मत पश्चात आवश्यक मर्मत कार्य समेत उपभोक्ता समितिलाई दिन सकिने कार्य उपभोक्ता समिति मार्फत गराउन सकिने उल्लेख छ । गाउँपालिकाले निम्नानुसारका स्थान, संरचना समेत उपभोक्ता समिति मार्फत गराएको देखियो। उक्त निर्माण कार्यको आवधिक मर्मत समेत गाउँपालिकाले गर्नुपर्ने, स्वामित्व हस्तान्तरण हुन नसक्ने कार्य समेत उपभोक्ता समिति मार्फत गराई खर्च गरेको छ ।

| भौ.नं., मिति | उपभोक्ता समितिको नाम | सम्पन्न रकम |
|---|---|---|
| २८६।२०८०।२।३० | बन्दिपुर बजार प्रवेशद्धार निर्माण उ स | १२९३३०.०० |
| १९१।२०८०।१।१५ | जनता प्रा वि खानेपानी तथा रङ्गरोगन | ३५००००.०० |
| २४७।२०८०।२।१० | कुकुर्दी स्वास्थ्य चौकी | १४४४००.०० |

| | | |
|---|---|---|
| ८४।२०७९।११।११ | बन्दीपुर खानेपाली मर्मत | ४०००००.०० |
| | जम्मा रु. | १०२३७३०.०० |

**७२ हेभी इक्विपमेन्टको प्रयोगः -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ।पालिकाले निम्नानुसारका कार्यहरुमा डोजर प्रयोग गरी उपभोक्ता समितिबाट कार्य गराएकोमा सार्वजनिक निकायबाट डोजर प्रयोगको स्वीकृति समेत लिएको देखिएन ।यसरी उपभोक्ता समितिबाट मेशिन प्रयोग गरी कार्य गराउँदा प्रतिस्पर्धी नहुने, कामको गुणस्तर नहुने तथा स्थानीय स्तरमा रोजगारी समेत सृजना नहुने भएकाले पालिकाले नियमावलीमा उल्लेख भएको व्यवस्था पालना गर्नुपर्दछ ।

| गो.भौ.नं. र मिति | उपभोक्ता समितिको नाम | भुक्तानी रकम | डोजर प्रयोगको बिल भुक्तानी |
|---|---|---|---|
| १५१।२०७९।१२।२० | च्यान्चा खोला तिन धारा कटिङ्ग नाली ग्रोवेल स्तरोन्नती | ७७६०००.०० | ८१४७९.०० |
| ४२।२०७९।९।२२ | रिमाल्नी भुँडाटार मोटर मार्ग ढलान | ९३६९४६.०० | १५१९००.०० |
| १३५।२०७९।१२।१४ | गुरुङ्गटार भित्री बाटो स्तर वृद्धि | ४८५०००.०० | ६८१००.०० |
| १६५।२०७९।१२।३० | गेटेदेखि रामकोट पाकिङ्ग सम्म पक्की नाला निर्माण | ४०९६४९.०० | ४६५०२.०० |
| १७७।२०८०।०१।०५ | खहरे देखि भन्ज्याङ्ग सम्म नयाँ ट्रयाक | १९४०००.०० | ३८०००.०० |
| १८३।२०८०।०१।१५ | गहते उमरज्योती मा वि मोटरबाटो निर्माण | ३७८६६६.०० | ३३९४१२.०० |
| १९७।२०८०।०१।१७ | अहाल भन्ज्याङ्ग गुमादी बेलबोट मार्ग | ३२३९१८.०० | २३८८२.०० |

**७३ वितरण भर्पाईः-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ३९ मा विल भरपाई बमोजिमको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । भौ.नं. ३०७ मिति २०८०।०२।३२ बाट बाँदर धपाउने मेशिन ३२ थान खरिद गरी राष्ट्रिय आविष्कार केन्द्रलाई रु. ९७६३२.०० मू.अ.कर सहित भुक्तानी गरेकोमा वितरण गरेको भरपाई पेश नभएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९७,६३२ |

## ७४ नर्मस भन्दा घटी सिमेन्ट खरिदः-

भौ.नं. २२६ मिति २०८०।०२।०२ पानी पधेरो देखि आगाटारी गाउँसम्म गोरेटो बाटो ढलान गर्नको लागी रु. ५३९१६९.४० को लागत अनुमान गरी जनश्रमदान वापत रु. ५४१६९.४० व्यहोर्ने गरी उपभोक्ता समिती सँग सम्झौता गरेको पेश भएको कार्य सम्मप्न प्रतिवेदन अनुसार रु. ५३६३७६.३९ को कार्य गरी जनश्रमदान तथा कन्टिजेन्सी कट्टा गरी रु. ४९७४८९.०० उपभोक्ता समितिलाई भुक्तानी गरेको देखिन्छ । दर विश्लेषण गर्दा १:२:४ आइटम नं ३ को सिमेन्टको काम र आइटम नं ४ को १:३:६ ढुङ्गाको गारो लगाउने कार्यमा क्रमश २१.२८ र १८.९९ घनमिटर काम गरेकोमा सिमेन्टको Input २०४ बोराको भुक्तानी मू.अ.कर समेत रु. १६८३००.०० भुक्तानी गरेको देखिन्छ । उपभोक्ता समितिले १८० बोराको रु. १४८४८२.०० मा मू.अ.कर रु. १७०८२.०० तिरेको र कार्यालयले रु. २२८०.०० बढी मू.अ.कर भुक्तानी गर्नुकोसाथै २४ व्याग सिमेन्ट ७३० का दरले रु. १७५००.०० बढी सिमेन्टको भुक्तानी गरेको देखियो । सिमेन्ट रु.१९८००.०० को Input घटी हुँदा कामको गुणस्तर समेत कायम नहुने देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १९,८०० |

## ७५ प्राविधिक पुष्ट्याई वेगर भुक्तानीः-

वांगेसिमल खानेपानी योजना BRM/NCB/works/21-2087/089 निर्माण कार्यको लागि मिति २०८९।१०।३१ गते भित्र निर्माण सम्पन्न गर्ने गरी मिति २०७९।२।४ मा मू अ कर सहित रु ५८०६२७६ बराबरको रकममा सम्झौता भएकोमा तेस्रो रनिङ्ग विल पेश भएकोमा कर कट्टा गरी गो भै नं १९३।२०८०।१।१५ बाट रु ९०७६०४ भुक्तानी गरेको ।नापी किताबमा १२५९७ रनिङ् मिटर जडान भएको उल्लेख गरेतापनि सोको प्राविधिक पुष्टयाईको विवरण पेश नभएको तथा अनुगमन समितिले अनुगमन गर्दा जग्गा विवाद भएको, पाइप विच्छाउँदा सिचाईकुलो परेको, पृथ्वी राजमार्ग विस्तारको कारण समस्या परेको भनी प्रतिवेदन पेश गरेकाले पाइप जडान भए नभएको यकिन हुन नसकिने हुँदा पाइप खरिदमा लागेको मुल्य रु १८८१५२० को पाइप जडान भएको पुस्टयाई हुनुपर्दछ । विभिन्न निकायबीच समन्वय गरी ठेक्का बन्दोबस्त गर्नुपर्नेमा सो नगरी ठेक्का लगाएकोले यस प्रकारको अवस्था सृजना भएकोले यसमा सुधार हुनुपर्दछ ।

## ७६ वार्षिक खरिद योजना/गुरुयोजना :-

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

## ७७ खरिद सम्झौताको अवस्थाः -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा सम्झौता कार्यान्वयन सम्बन्धि कार्ययोजना र कार्यतालिका तयार गर्ने, कार्ययोजना अनुसार खरिद सम्झौता कार्यान्वयनको प्रगति अनुगमन

गर्ने र गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने, सम्झौता कार्यान्वयनको आवधिक प्रतिवेदन गर्ने गराउने कार्यहरु गर्नुपर्ने उल्लेख छ । कार्यालयबाट प्राप्त ठेक्का सम्बन्धि गोश्वारा लगत अनुसार देहायका ठेक्का व्यवस्थाको अवस्था निम्नानुसार रहेको छ ।

| ठेक्का नं | कामको विवरण | निर्माण व्यवसायी | सम्झौता रकम | हालसम्मको खर्च रकम रु | खर्च प्रतिशत | म्याद थप समेत समपन्न गर्नुपर्ने |
|---|---|---|---|---|---|---|
| २।२०७७।०७८ | कोल्ड स्टोर्स निर्माण | कुशुम कन्स्ट्रक्सन | ६३१३४१४.४८ | १६१४७६८.३३ | २५.५७ | २०८०।९।३० |
| १९।०७७।०७८ | डुम्रे बन्दिपुर रोड स्तरोन्नती | कश्यप निर्माण सेवा | २५८४५३१७.६१ | १४२०५९४२.४५ | ५४.९६ | २०८०।९।३० |
| २५।०७७।०७८ | मुकुन्देश्वरी पदमार्ग | धर्म एस/कश्यप जे. भी | ३६९३४५३०.१ | ० | ० | २०८०।९।३० |
| १०।०७६।०७७ | बन्दिपुर सेराटार सडक | सुकौरा लोटस निर्माण सेवा | ७७३२०३१.८४ | ३३४४५११.१२ | ४३.२५ | २०८०।३।३० |

उपरोक्त अनुसार आ.व २०७७।०७८ मा सम्झौता भएका ठेक्काहरुमा शुन्य प्रतिशत देखि ५४.९६ प्रतिशत वित्तीय प्रगति भएको छ । ठेक्का नं २५।०७७।०७८ को मुकुन्देश्वरी पदमार्ग(mini grate wall) को शुरु सम्झौता अनुसार २०७९।११।३० सम्ममा काम सम्पन्न गर्नुपर्नेमा खर्च भएको देखिएन । पटक पटक म्याद थप गरि २०८०।९।३० सम्म म्याद थप गरेको देखिन्छ । म्याद थप गर्दा लिइएको आधारहरु सार्वजनिक खरिद नियमावलीसंग मिल्ने देखिदैन । तसर्थ, निर्माण कार्य तोकिएको समयमा सम्पन्न गराउन कार्ययोजना माग गरी निरन्तर अनुगमन गर्नुपर्ने देखिन्छ । त्यस्तै ठेक्का नं १०।०७६।०७७ मा ठेक्का बन्दोवस्त गर्नुपर्ने गरी लोटस निर्माण सेवासँग रु ७७३२०६१.८४ सम्झौता भएकोमा हालसम्म रु ३३४४५११.१२ अर्थात ४३.२५ प्रतिशत मात्र खर्च गरेको देखिन्छ । उक्त निर्माण कार्यको २०८०।३।३० सम्म म्याद थप गरेको भएतापनि खर्च प्रगति न्यून रहेको छ । यसरी ठेक्का लागेका योजनाको खरिद नियमावलीको व्यवस्था अनुसार निरन्तर अनुगमन गरी कार्य सम्पन्न गराउनु पर्दछ ।

### ७८ प्राविधिक बिल र कार्य सम्पन्नः-

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन

नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

७९ **नपुग करः -**

भौ.नं. २७ मिति २०७९।१२।८ बाट मेडिकल अधिकृत डा. आशिष अधिकारीलाई २०७९।१०।२२ को निर्णयले मासिक रु २५००० अतिरिक्त सुविधा प्रदान गरेकोमा फागुन महिनाको रु.२५०००.०० भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८, ८९ बमोजिम १५ प्रतिशतले हुने रु.३७५०.०० कर कट्टा गर्नुपर्नेमा रु.२५०.०० मात्र कट्टा गरेकाले रु ३५०० नपुग कर असूल गर्नुपर्ने रु.३५००.००

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,५०० |

८० **मू.अ. कर कट्टा नगरेकोः-**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ग वमोजिम सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आशिंक स्वामित्व भएको संघसंस्थाले ठेक्का वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा आपूर्ति वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशत निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। यस कार्यालयले विभिन्न आपूर्तिकर्तालाई भुक्तानी गरेकोमा मुल्य अभिवृद्धि करको शत प्रतिशत नै भुक्तानी दिएकोले मुल्य अभिवृद्धि कर भुक्तानी भएको रकमको रु. २४४५११.८५ मुल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश गर्नुपर्ने रु.

| **भौ.नं र मिति** | **भुक्तानी लिनेको नाम** | **मू.अ. कर सहित रकम रु.** | **मू.अ. कर रकम** | **३० प्रतिशत रकम रु.** |
|---|---|---|---|---|
| ५७-२०८०।३।२४ | स्मार्ट सोलार प्रा.लि | ७६७६००.०० | ११०३८९.५० | ३३११६.८५ |
| ४४८-२०८०।३।२० | शाङ्ग्रीला इफरमेटिक्स प्रा.लि | ३९८६६४.०० | ४५८३४.०० | १३७५९.२० |
| ४४९-२०८०।३।२० | जिओसफ्ट टेक्नोलोजी प्रा.लि | ४९८३३०.०० | ५७३३०.०० | १७१९९.०० |
| ९२१-२०८०।३।२४ | मन्त्र अध्यापन अनुसन्धान केन्द्र | ४९३८१०.०० | ५६८१०.०० | १७०४३.०० |
| ९२३-२०८०।३।२४ | ब्रोड ब्रोडकाष्टिङ कम्पनी प्रा.लि | २४९०००.०० | २८६४४.०० | ८५९३.८० |
| | **जम्मा रु.** | **२४०७४०४.००** | **२९९००७.५** | **२४४५११.८५** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४४,५११.८५ |

८१ **व्यावसायिक भवनको सटर भाडाः-**

डुम्रे बजार स्थित गाउँपालिकाको स्वामीत्वमा रहेको व्यवसायिक भवनको १३ वटा सटर भाडामा लगाउने कार्यको लागी मिति २०७९।०६।०४ मा सूचना प्रकाशन भएकोमा कुनै प्रस्ताव पेश नभएको र गाउँपालिकाले बैकल्पिक व्यवस्था वा थप प्रयास गरेको नदेखिएकोले र उक्त ठेक्का नलाग्नाले वार्षिक रु. ७८००००.०० राजश्व घट्न गएको छ । प्रशासनिक संयन्त्र प्रभावकारी बनाई भाडा लगाई आन्तरिक आम्दानी बढाउनुपर्ने देखिन्छ ।

## ८२ राजस्व छुटः-

पालिकाको आर्थिक ऐन, २०७९।०८० अनुसार सामाजिक सुरक्षा सम्बन्धि सिफारिस पत्र, गरिव तथा जेहन्दार छात्रवृति सिफारिस, भुकम्प लगायत विपद राहत सिफारिस तथा पालिका भित्र व्यवसाय दर्ता गर्न सिफारिस गर्दा शुल्क नलाग्ने तथा यस बाहेक अन्य विषयवस्तुमा शुल्क दस्तुर लाग्ने व्यवस्था गरेको छ ।नमुना छनौटको आधारमा विभिन्न वडा कार्यालयको चलानी रजिष्टरको विवरण परीक्षण गर्दा निम्न सिफारिसमा ऐनले तोकेको छुट सूची भन्दा फरक शीर्षकमा राजस्व छुट दिएको देखिएको छ ।पालिकाले आफ्नो क्षेत्रको आन्तरिक आय वृद्धि गर्न तर्फ ध्यान दिनुपर्दछ ।

| क.सं. | चलानी नं | चलानी मिति | पाउने नाम | सिफारिस विषय | न्यूनतम शुल्क |
|---|---|---|---|---|---|
| १ | २१३७ | २०८०।३।३१ | जलश्रोत तथा सिँचाई कार्यालय | सिफारिस सम्बन्धमा | ३०० |
| २ | २१०८ | २०८०।३।१५ | रोहित वि.क. | नाता प्रमाणित | ३०० |
| ३ | १५८८ | २०८०।१।१२ | बन्दिपुर गा पा | योजना सम्झौता जनता प्रा वि | ३०० |
| ४ | १५८९ | २०८०।१।१२ | बन्दिपुर गापा | योजना सम्झौता प्रा वि | ३०० |
| ५ | १३५४ | २०८०।११।१२ | बन्दिपुर गापा | भुकभुके पुल मर्मत उपभोक्ता समिति | ३०० |
| ६ | १००८ | २०७९।१२।०६ | बन्दिपुर गापा | योजना सम्झौता सिढीं निर्माण | ३०० |
| ७ | ३८१ | २०७९।०७।०४ | जिल्ला कानूनी सहायता समिति | शितल खत्री | ३०० |

## ८३ धरौटी जफतः-

गाउँपालिकाको क्षेत्रभित्र रहेको विज्ञापन शुल्क उठाउने कार्यमा न्यूनतम अंक रु. २५००००.०० कायम गरी ठेक्का आह्वान हुँदा बढी अंक कबोल गर्ने मदानी मिडिया प्रा.लि.को रु. ३१००००.०० सबैभन्दा बढी कबोल गरेकोमा निजले सम्झौता नगरेकोले दोस्रो बढिवाला साइन हव प्रा.लि विराटनगरको ठेक्का स्वीकृत गर्ने र मदानी मिडियाको रु. १५५००.०० धरौटी जफत गर्ने निर्णय गरेकोमा उक्त धरौटी खातामा दाखिला गरेको भएता पनि जफत गरी स्थानिय संचितकोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,५०० |

८४ **बसपार्क संचालनः-**

बन्दिपुर बसपार्क संचालन तथा व्यवस्थापन कार्य मोहरिया टोल विकास संस्था सँग मिति २०७९।१०।१० मा वसपार्कमा बस, ट्रक, मिनि बस साना ठुला २ पाङ्ग्रे तथा ४ पाँङ्ग्रे सावारी साधन बस पार्क व्यवस्थापन शुल्क लिनुपर्ने र उक्त संस्थाले मासिक रुपमा संकलन गरेको विवरण अनिवार्य रुपमा गाउँपालिकामा पेश गर्ने र संकलित रकमको ६० प्रतिशत गाउँपालिकालाई बुझाउनुपर्ने उल्लेख गरेकोमा संकलनको विवरण पेश नगरेको र यस वर्ष कुनै रकम प्राप्त गरेको छैन । आर्थिक वर्ष २०७८।०७९ मा वार्षिक रु. १ लाख २० हजार प्राप्त गरेको जानकारी भएकोले यस वर्ष सम्झौता बमोजिमको रकम प्राप्त नगरेको र २०८०।०५।२५ मा २०८० असोज ३० भित्र बुझाउने भनि पत्र लेखेकोमा लेखापरीक्षण समय २०८०।०९।०१ सम्म दाखिला गरेको छैन ।तसर्थः नियमानुसार गरी सम्झौता बमोजिमको रकम दाखिला गराउनुपर्दछ ।

## अनुसूचीहरू

**अनुसूची - १**

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८९

कार्यालय र स्थान: बन्दिपुर गाउँपालिका, तनहुँ , बन्दीपुर गाउँपालिका , तनहुँ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Nanda lal Sharma | २०७९-४-१५ | २०७९-१२-१७ |
| कार्यालय प्रमुख | श्री नवेशराज हमाल | २०७९-१२-२६ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | राम दत्त भट्ट | २०७८-१०-२० | २०७९-४-८ |
| लेखा प्रमुख | श्री कृष्ण प्रसाद बसौला | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४८०,९१४.४४ | ८,८६५,९४०.६४ | १०,४६१,७७२.३३ | ० | ० | २२५,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २०,०३३,६२७.४१ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २०,०३३,६२७.४१ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | २२१६७०९०९.०९ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३००२४६२६२.८३ | **चालु खर्च** | २७८७०००५५.३२ |
| **प्रदेश सरकारबाट अनुदान** | १५१७४८०२.४३ | **पूँजीगत खर्च** | १६३७१७७१२.६१ |
| **राजश्व बाँडफाँट** | ८५९४२९८१.५२ | **वित्तीय/अन्य व्यवस्था** | १०८४३७९६२.६ |
| **आन्तरिक आय** | २७१६४६१२.९ | | |
| **अन्य आय** | १०९५०५२७८.८१ | | |
| **कुल आय** | ५३८०३३९३८.४९ | **कुल खर्च** | ५५०८५५७३०.५३ |
| **बाँकी मौज्दात** | | २०८८४९११७.०५ | |

**बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची -२**

| एकिकृत आर्थिक विवरण | | | |
|---|---|---|---|
| आ.व. 2079-80 | | | |
| सि.नं. | आय तर्फ | सि.नं. | व्यय तर्फ |

| | विवरण | | रकम | | विवरण | | रकम |
|---|---|---|---|---|---|---|---|
| 1. | गत वर्षको जिम्मेवारी | | 211,373,736.21 | 1. | चालु खर्च | 278,700,055.32 | 442,417,767.93 |
| | क. नगद | | | 2. | पूजीगत खर्च | 163,717,712.61 | |
| | ख. बैंक | 211,373,736.21 | | | | | |
| 2. | राजश्व (आन्तरिक आय) | | 113,107,594.42 | 3. | वित्तिय व्यवस्था भुक्तानी | | |
| | क. आन्तरिक राजश्व | 27,164,612.90 | | | क. ऋण भुक्तानी | | |
| | ख. राजश्व बाँडफांड | 85,942,981.52 | | | ख. व्याज प्राप्ति | | |
| | | | | | घ. अन्य प्राप्ति | | |
| | | | | 4. | लगानी | | |
| 3. | वित्तिय हस्तान्तरण | | 300,246,262.83 | | क.ऋण लगानी | | |
| | क. वित्तिय समानीकरण अनुदान | 94,072,500.00 | | | ख. शेयर लगानी | | |
| | ख. ससर्त अनुदान | 192,667,511.83 | | | ग. अन्य लगानी | | |
| | ग. समपुरक अनुदान | 8,485,310.00 | | 5. | धरौटी फिर्ता | 1,592,597.60 | 1,592,597.60 |
| | घ. विशेष अनुदान | 5,020,941.00 | | 6. | कोष खर्च (निकासा फिर्ता) | | 106,845,365.00 |
| | | | | | क. कोरोना | - | |
| 4. | प्रदेश सरकारबाट प्राप्त अनुदान | | 15,174,802.43 | | ख. विविध खर्च खाता | 4,037,138.00 | |
| | क. वित्तिय समानीकरण अनुदान | 9,745,750.00 | | | ग. सामाजिक सुरक्षा | 102,808,227.00 | |
| | ख. समपूरक अनुदान | 3,793,252.00 | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ग. विशेष अनुदान | 1,635,800.43 | | 7. | मौज्दात | | 208,849,117.05 |
| | | | | | क. नगद मौज्दात | | |
| 5. | अन्तर वित्तिय हस्तान्तरण | | 102,808,227.00 | | ख. बैंक मौज्दात | 197,484,627.96 | |
| | क. पर्यटन पुर्वाधार कार्यक्रम | - | | | ग. धरौटी मौज्दात | 6,209,229.99 | |
| | ख. सामाजिक सुरक्षा कार्यक्रम | 102,808,227.00 | | | घ. कोरोना कोष | 1,707,316.10 | |
| | | | | | ङ. विविध कोष (कर्मचारी कल्याणकारी कोष) | 1,564,373.00 | |
| 6. | अन्तर स्थानीय तहबाट प्राप्त | | | | च. विविध खर्च खाता | 1,883,570.00 | |
| 7. | वित्तिय व्यवस्था प्राप्ति | | | | | | |
| 8. | विभिन्न कोष तर्फको आय | | | | | | |
| | क. विविध खर्च खाता | 5,920,708.00 | 9,192,397.10 | | | | |
| | ख. कोरोना संक्रमण नियन्त्रण | 1,707,316.10 | | | | | |
| | ग. विविध कोष (कर्मचारी कल्याणकारी कोष) | 1,564,373.00 | | | | | |
| | | | | | | | |
| 9. | विषयगत निकायबाट प्राप्त रकम | | | | | | |
| 10. | धरौटी | 7,801,827.59 | 7,801,827.59 | | | | |
| 11. | लगानीको साँवा फिर्ता | | | | | | |
| | | | | | | | |

| जम्मा | 759,704,847.58 | जम्मा | 759,704,847.58 |
|---|---|---|---|

## बेरूजु दफा ३३ सँग सम्बन्धित विवरण - अनुसूची -३

| ठेक्का अभिलेख खाता नं | ठेक्का नं आ.व २०७९/०८० | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | लागत अनुमान रकम | सम्झौता रकम | प्रतिशत |
|---|---|---|---|---|---|---|
| 1 | BRM/NCB/WORKS/01/2079/080 | Upgrading of Bandipur Khahare Seratar Road | Satgun Nirman Sewa,Hetauda-0,Makawanpur | 19,999,150.19 | 15,521,385.46 | 22.39 |
| 2 | BRM/NCB/WORKS/04/2079/080 | Construction of Jestha Nagarik Diwa Sewa Kendra | Artcon Construction & Consulting Pvt.Ltd ,Jaisedewal-12,Kathmandu | 4,999,938.46 | 3,498,755.64 | 30.02 |
| 3 | BRM/NCB/WORKS/05/2079/080 | Upgrading of Bandipur Bahunbhanjyang Dharampani Road | Satgun Nirman Sewa,Hetauda-0,Makawanpur | 19,989,694.93 | 14,233,954.78 | 28.79 |
| 4 | BRM/SQ/GOODS/06/2079/080 | Fabrication & Supply of Steel Parts & Fixturesfor Khudi Khola Trial Bridge | Intertech Pvt.Ltd,Butwal | 1,751,460.45 | 1,631,487.23 | 6.85 |
| 5 | BRM/NCB/WORKS/07/2079/080 | Construction of Atithi Griha | M/S Aariz Construction | 3,410,624.51 | 3,294,444.92 | 3.41 |
| | आ.व २०७७/०७८ | | | | | |
| 1 | BRM/BLDG/02/2077/078 | Construction of Cold Store | Kusum Construction,Bhanu-01,Tanahun | 9,733,588.32 | 6,313,414.48 | 35.14 |
| 2 | BRM/RD/19/2077/078 | Upgrading of Dumre-Bandipur Road | Kashyap Nirman Sewa and Suppliers Pvt.Ltd,Kalanki,Kathmandu | 34,940,146.43 | 25,845,317.61 | 26.03 |
| 3 | BRM/NCB/WORKS/25/2077/078 | Construction of Mukundeshwori Padhmarga (Mini Great Wall) | Dharma S-Kashyap JV | 49,975,410.00 | 36,934,530.10 | 26.09 |
| | | | | | | |
| आ.व २०७६/०७७ | | | | | | |
| 1 | BRM/10/2076/077 | Bandipur Seratar Sukhaura Road Pitch Work | Lotus Nirman Sewa | 11,607,511.56 | 7,732,031.84 | 33.39 |